जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ११ • २०८३ साल जेठ १७ गते आइतबार (31 May, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आँधीबहेरीले बिहार यूपीमा ४८ को मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको बिहार र उत्तर प्रदेशमा आएको आँधीबेहरी र चट्याङका कारण गत २४ घण्टामा ४८ जनाको मृत्यु भएको छ।

भारतीय सञ्चारमाध्यमका अनुसार आँधीबेहरी र चट् याङका कारण बिहारमा १७ जना र उत्तर प्रदेशमा ३८ जनाको मृत्यु भएको हो। भारी वर्षाका कारण पटनामा चार उडान डाइभर्ट गरिएका छन् र १८ वटा ढिलाइ भएको छ।

जसले गर्दा ५०० भन्दा बढी यात्रुलाई असुविधा भएको छ। उनीहरु विमानस्थलमै अलपत्र छन्। भारतको राज्यका २५ जिल्लामा वर्षा हुने अनुमान गरिएको छ।

सहारनपुरमा भारी वर्षाका कारण पहाडबाट बाढी-पहिरो आउँदा इनोभा ट्र्याक्टरसहित १० वटा सवारीसाधन बगेका छन्। उत्तर प्रदेशका सबै ७५ जिल्लामा वर्षाको चेतावनी जारी गरिएको छ। वर्षा र आँधी बहेरीका कारण भारीमात्रामा घर भवनसहितका सम्पतिमा क्षति पुगेको भारतीय सञ्चार माध्यमहरुले जनाएको छ।

### सचिवालय मधेश भवनमै रहने

# जनकपुर चुरोट कारखाना हस्तांतरणको प्रयास सुरु, प्रधानमन्त्री सकारात्मक

**टुडे समाचारदाता**

जनकपुरधाम ।सम्पूर्ण रुपमा धराशायी भइसकेको जनकपुर चुरोट कारखाना परिसर( मधेश भवन)मा नै प्रदेश सरकारको सचिवालय रहने भएको छ।

प्रदेश सरकार गठन भएदेखि नै मधेश भवनमा सचिवालय रहेको छ ।मधेश भवनको कुल क्षेत्रफल ३३ बिघा नौ कठ्ठा रहेको छ ।त्यस मध्ये चुरोट कारखाना सञ्चालनमा रहेको बखत निर्देशकहरुको आवास हाल मन्त्रीहरुको आवास बनेको छ ।महाप्रबन्धकको आवास प्रदेश प्रमुखको आवास र अतिथि सदन मुख्यमन्त्रीको आवास रहेको छ।

पुरानो क्षेत्रीय बिक्री कार्यालयमा भौतिक, उर्जा लगायतका मन्त्रालयहरु छन् ।अधिकृत आवासमा आधी दर्जन मन्त्रालय राखिएको छ ।केहि भूभाग पार्किंगका लागि र केहि भूभाग अन्य समान्य कार्यका लागि प्रयोगमा रहेको छ।

संघीय सरकार मातहत रहेको चुरोट कारखानाको भवन र सुर्तीविकास कम्पनीको गोदामहरु जिर्ण भइसकेको छ ।पुराना संरचनाहरु कामै नलाग्ने भइसकेको र त्यहाँ रहेका समानहरु कुहिन थालेको छ।

मधेश प्रदेश सरकारले चुरोट कारखानालाई नै प्रादेशिक सचिवालय बनाउने तयारीमा छ ।संघीय सरकारसित स्वामित्व हस्तांतरणको विषयमा संवाद भइरहेको बताइएको छ।

मधेश भवन परिसरलाई नै व्यवस्थित र आधुनिक रुपमा विकसितगरि प्रदेश सरकारको सचिवालय, आवास लगायतका प्रशासनिक भवनहरु बनाइने मुख्यमन्त्री कृष्ण प्रसाद यादवले बताए।




'चुरोट कारखाना सञ्चालन हुने अवस्था नरहेको र सरकारले सुर्तीजन्य उत्पादनमा लगानी नगर्ने भएकोले प्रदेश सरकारको मुख्यालय बनाउन बढी उपयुक्त देखिएको छ ' उनले भने, बस्तीको बीचमा रहेकोले कुनैपनि उद्योग सञ्चालनका लागि उपयुक्त हुनेछैन् ।उद्योग सञ्चालन हुँदा प्रदुषण बढ्ने भएकोले जनस्वास्थ्यलाई दृष्टिगतगरि वातावरण मैत्री कार्य गर्न उपयुक्त हुने उनले बताए।

प्रदेश सरकारले कारखानाको भूमीको स्वामित्व प्रदेश सरकारलाई हस्तांतरण गराउन संवाद चलिरहेको मुख्यमन्त्री यादवले बताए ।'प्रदेश सरकारले अन्यत्र मुख्यालय बनाउँदा भौतिक संरचनामा भारी लगानी गर्नुपर्ने हुन्छ' मुख्यमन्त्री यादवले भने, हामी कम खर्चमा नै जग्गा सुरक्षितगरि आवश्यकता अनुसारको पूर्वाधार निर्माण गर्ने छौ ।स्वामित्व हस्तांतरणका लागि प्रधानमन्त्री बालेन्द्र शाह(बालेन) सकारात्मक रहेको उनले बताए।

प्रदेश संरचना निर्माण भएपछि पहिलो सरकारको लागि तत्कालिन संघीय सरकारले कारखाना हाताभित्रको आवासिय र प्रशासनिक भाग उपभोगका लागि दिएको थियो ।प्रदेश सरकारले त्यसमा स्थायी संरचना कमै निर्माण गरेको छ।

कुनै बेला देशको सर्बाधिक राजस्व बुझाउने र साढे पाँच हजार बढीलाई प्रत्यक्ष रोजगारी दिएको जनकपुर चुरोट कारखाना लिमिटेड अब धराशायी भइसकेको छ।

देशमा सरकार फेरिएसँगै चुरोट कारखाना सञ्चालनको बहस केहि समय चल्ने गरेको छ ।तर त्यो महिना, दुई महिनामा फेरी बन्द हुन्छ।

तत्कालिन शोभियत संघले बनाएको चुरोट कारखाना नेपालको सर्वाधिक राजस्व तिर्ने गर्थ्यो ।तर २०४६ सालको राजनीतिक परिवर्तनसँगै चुरोट कारखाना धराशायी भयो।

सरकारी स्वामित्वको जग्गा संरक्षणका लागिपनि प्रदेश सरकारलाई स्वामित्व हस्तांतरण गर्न आवश्यक छ ।ठूलो खेल मैदान, कर्भडहल, प्रयाप्त रुख,बिरुवा, फुल, हलको रुपमा प्रयोग गर्न मिल्ने ठूला गोदामहरु लगायतका संरचनाहरु छन् ।त्यसको मर्मत संभारगरि प्रदेश सरकारले आयोजन ।गर्ने ठूला कार्यक्रमहरु भित्रै सञ्चालन हुन सक्छ ।केहि गोदामहरुमा केहि हजार मानिस अटाउन सक्ने भएकाले त्यसलाइ उपयोगमा ल्याउन आवश्यक रहेको मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष राज कुमार सिंहले बताए।

'संरचनाहरु निकै पुरानो रहेको छ ' उनले भने, समयमै मर्मत संभारगरि प्रयोगमा नल्याइए कुहिएर खेर जानेछ ।सरकारले पहिलो वर्ष मन्त्रालय, दोस्रो वर्ष आवासीय र तेस्रो वर्षमा अन्य सौन्दर्यीकरण, सभाहल लगायतका कार्यहरु गर्न क्रमिक रुपमा बजेट छुट्टयाएर काम गर्न सक्ने सिंहले जनाए ।देशको सातवटै प्रदेश मध्ये मधेशको मुख्यालय रहेको मधेश भवन भन्दा भूमी र संरचना राम्रो छ ।मधेश प्रदेश सरकारले संघीय सरकारसित पहलगरि जग्गाको स्वामित्व ग्रहण गर्न सक्नु पर्छ।

हुनत मधेश प्रदेश सरकारको मुख्यालय, आवास, प्रशासनीक भवन लगायत निर्माणका लागि गठन गरेको समितिले जनकपुरधामको वडा नम्बर १९ मा रहेको ५२ बिघालाई सिफारिस गरेको थियो ।त्यो प्रस्तावलाई प्रदेशसभा बैठकलेपनि पास गरेको थियो ।तर साढे तीन वर्षमा त्यसको कुनै कार्य अगाडी बढन सकेको छैन् ।प्रदेश सरकारको मुख्यालय रहने सार्वजनिक भएपछि त्यहाँ जग्गाको मुल्य अत्यधिक बढेको छ।

तर ५२ बिघा धार्मिक, सांस्कृतिक धरोहर रहेकोले त्यसको संरक्षण गर्नुपर्ने माग उठ्दै आएको छ ।स्थानीय बासिन्दाहरुले प्रदेश सरकारको निर्णयको बिरोधगर्दै संरक्षणको माग गरेको छ।

प्रदेशसरकारले मधेश भवनमा नै आधुनिक संरचना निर्माणगरि संरक्षण गर्ने सोँचमा छ ।प्रदेश सरकारको स्वामित्वमा नरहेकोले हाल कारखानाको चारै तर्फको जग्गाको निरीक्षण र सुरक्षाको कार्य समेत हुन सकिरहेको छैन् ।अत्यन्त पुरानो पर्खाल, केहि भागमा काडे तारको घेरापनि जिर्ण भइसकेको छ ।संरक्षणका लागि चौतर्फी नयाँ पर्खाल निर्माण नगरिए जग्गा अतिक्रमणमा पर्न सक्ने स्थानीय बासिन्दाहरु बताउँछन्।

उनीहरुले परिसर भित्र रहेको रुख, बिरुवाहरुको संरक्षण गर्नुपर्नेमा जोडदिदै चारैतर्फ थप बृक्षहरु लगाउनुपर्ने माग गरेका छन् ।जनकपुरधामको उत्तरी भागलाई पूर्ण हरियाली बनाएर वातावरणलाई स्वच्छ बनाउन समेत मधेश भवन परिसर सहयोगी हुन सक्छ।

मधेश भवनलाई सरकारी कार्यालय, मन्त्रालय,आवास, सभाहल, खेलमैदान सहित भित्र राम्रा पार्क, बगैँचा बनाएर आन्तरिक पर्यटक प्रबर्द्धनमा समेत योगदान गर्ने बनाउन सकिन्छ।

# चुरे संरक्षणको बजेटमा भारी कटौती

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे संरक्षण कार्यक्रम बारे सरकारले बजेटमा भारी कटौती गरेका छन् । आर्थिक वर्ष २०८२/८३ मा चुरे क्षेत्र संरक्षणका लागि एक अर्ब ६९ करोड रुपैयाँ विनियोजन भएकोमा वर्तमान सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा करिब १ अर्ब मात्र विनियोजन गरेको छ।

संघीय संसदमा बजेट सार्वजनिक गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चुरे तथा तराई मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण तथा पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्न करिब रु. १ अर्ब विनियोजन गरेको घोषणा गरेका थिए।

साथै 'औद्योगिक विकास' शीर्षकमा वातावरणीय दृष्टिकोणले उपयुक्त देखिएका ठाउँ पहिचान गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा प्रशोधन आपूर्तिको व्यवस्था मिलाउने बजेट राखिएकाले चुरे दोहन बढ्ने चिन्ता सरोकारवालालाई छ।

चुरे संरक्षण अभियन्ता सुनिल यादव पानीको समस्या झेलिरहेका तराई मधेशका बासिन्दालाई वर्तमान सरकारले डिप ट्यूबेलको व्यवस्था गर्ने भनेपनि भूमिगत पानी रिचार्ज हुने चुरेकै दोहन गर्ने गरी बजेट आएको टिप्पणी गरेका छन्।

वर्तमान सरकारले पनि चुरेको संवेदनशीलता नबुझेको उनी बताउँछन्। 'पहिलेका सरकारले त बुझेनन्, पढेलेखेकाहरु भएको अहिलेको सरकारले पनि चुरे मरुभूमीकरण बनिरहेको बुझेनन्,' यादव भन्छन्, 'आगामी आर्थिक वर्षको बजेट हेर्दा यो सरकारको दृष्टिकोण पनि चुरेप्रति सही देखिएन।'

चुरे पर्वत श्रृंखलाले नेपालका ७७ जिल्लामध्ये ३७ जिल्लाका भूभाग ओगटेको छ । जैविक विविधता र पानीका स्रोतका हिसाबले चुरे संवेदनशील मानिन्छ । तर तराई मधेश क्षेत्रमा पानीका स्रोत सुक्नु र कृषि उब्जनी ह्रास आउनुमा चुरे दोहन प्रमुख कारण रहेको जानकारहरु बताउँछन्।



यादव नेतृत्वको एक समूह चुरे संरक्षणका लागि सरकारलाई झकझकाउने उद्देश्यले महाकालीदेखि प्रदर्शन गर्दै काठमाडौं आएर माइतीघरमा प्रदर्शन गर्दै आएको छ। दुई वर्ष अघि पनि यादव नेतृत्वको समूहले काठमाडौंमा रित्ता घैंटा र बाल्टीसहित प्रदर्शन गरेको थियो।

एमालेका हालका उपाध्यक्ष एवं पूर्व अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य मार्फत खानीजन्य ढुंगा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गर्ने नीति ल्याएका थिए । बजेटको यो व्यवस्थालाई लिएर त्यतिबेला सरकारको चौतर्फी आलोचना भएको थियो । प्रतिपक्षी गठबन्धनमा रहेका नेपाली कांग्रेस, तत्कालीन नेकपा माओवादी लगायतले वक्तव्य नै जारी गरेर सरकारको विरोध गरेका थिए।

> चुरे जोगाउन २०७१ साल असार २ गते विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी "राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१" जारी गरिएको थियो । २०७४ सालमा २० वर्षे चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार पारिएको थियो । उक्त गुरुयोजनाका लागि २ खर्ब ४९ अर्ब ७० करोड १९ लाख बजेट प्रस्ताव गरिएको थियो ।

चुरे जोगाउन २०७१ साल असार २ गते विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१' जारी गरिएको थियो। २०७४ सालमा २० वर्षे चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार पारिएको थियो। उक्त गुरुयोजनाका लागि २ खर्ब ४९ अर्ब ७० करोड १९ लाख बजेट प्रस्ताव गरिएको थियो।

समिति गठनयता चुरे संरक्षणका नाममा करिब १५ अर्ब रुपैयाँ खर्च भइसकेको छ। तर संकट अझै टरेको छैन। बजेट खर्चको तुलनामा उपलब्धि हासिल कम भएको सन्दर्भमा वर्तमान सरकारले चुरे संरक्षणको बजेटमा भारी कटौती गरेको हो।

नेपालमा यो पूर्व इलामदेखि पश्चिम कन्चनपुरसम्म ३७ वटा जिल्लाहरुमा फैलिएको छ । 'शिवालिक' पनि भनिने चुरे श्रृंखलाले नेपालको कुल भू-भागको १२.७८ प्रतिशत क्षेत्र ओगट्छ । नेपालको कूल जनसंख्याको करिब ५० प्रतिशत तराई मधेशमा बसोबास गर्ने भएकाले मानवीय गतिविधिको चाप चुरे क्षेत्रमा परेकाले पनि समग्र पारिस्थितिकीय प्रणालीमा नकारात्मक प्रभाव परेको छ।

चुरे संरक्षण विकास समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनमा चुरे पहाड र त्यससँगै जोडिएको भावर क्षेत्रको भू-धरातलीय स्वरुप र प्राकृतिक स्रोतहरूमा निरन्तर हुँदै आएको क्षयीकरण र ह्रासका कारण ती क्षेत्रमा थुप्रै वातावरणीय प्रभाव देखिँदै गएको उल्लेख छ ।

स्थानीय तहहरू चुरे क्षेत्रमा मात्रै १३७ वटा र चुरे तराई मधेश क्षेत्रमा ३२५ वटा छन्। चुरे क्षेत्रमा साना-ठूला गरेर १६४ वटा नदी प्रणालीहरू छन्। स्थानीय पालिकाहरुको मुख्य आम्दानीको स्रोत तिनै नदी र जंगल क्षेत्रका ढुंगा, गिट्टी, बालुवा नै हुने गरेको छ । त्यसैले बर्सेनि बाढीको प्रकोपले तराई मधेशका खेतीयोग्य जग्गामा बालुवा र पाँगो-माटो थुपार्ने तथा गाउँबस्तीहरू समेत डुबान-कटानको चपेटामा पर्दै आएका छन्।

तराई मधेशको सिंचाइ तथा खानेपानीको समस्या समाधानका लागि सरकारले भूमिगत पानी निकाल्न डिपट्र्युबवेलको योजना बजेटमा उल्लेख गरेको छ । डिपट्र्युबेलले मात्र समस्या समाधान नहुने अभियन्ता यादव बताउँछन् । यादव भन्छन्, 'डिपट्र्युबवेलको कुरा राम्रो छ तर त्योभन्दा हजार गुणा नराम्रो चुरे लगायतका हाम्रा वन सम्पदा संरक्षण प्राथमिकतामा नपर्नु हो।'



# कांग्रेसमा उम्मेदवार लिडरसीप कोर्ष अनिवार्य



**टुडे समाचारदाता**

काठमाण्डू । नेपाली कांग्रेसका सभापति गगन थापाले आगामी स्थानीय तह निर्वाचनमा कांग्रेसबाट उम्मेदवार बन्न लिडरसीप एकेडेमीमा भर्ना भएर कोर्ष पूरा गर्नु अनिवार्य हुने बताएका छन् ।

नेपाल थारु संघको शनिबार आयोजित प्रथम महाधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै सभापति थापाले लिडरसीप एकेडेमीको कोर्ष पूरा नगरेका नेतालाई उम्मेदवार नबनाइने बताएका हुन् । त्यो कोर्ष पूरा गरिसकेपछि मात्रै उम्मेदवारका लागि योग्य बन्ने उनले बताए ।

'हामीले अहिले नेतृत्वको छुट्टै युनिट बनाएका छौं, लिडरसीप एकेडेमी भनेर । जसमा केही दिनमा हामी यसमा खुला आह्वान गर्छौं,' सभापति थापाले भने, '७५३ पालिकामा निर्वाचन लड्न चाहना भएको कोही पनि हुनुहुन्छ म उम्मेदवार बन्न चाहन्छु भनेर, कोही दोहोरिन चाहनुभएको छ, नयाँ उम्मेदवार बन्न चाहनुभएको छ । अनिवार्य रूपमा लिडरसीप एकेडेमीमा भर्ना हुनैपर्छ । र, एउटा कोर्ष पूरा गर्नैपर्छ ।'

यसपटक ७५३ पालिकामध्ये कम्तीमा पनि १०० वटा पालिकामा मेयर वा अध्यक्ष महिला उम्मेदवार बनाउने पार्टीको तयारी रहेको पनि सभापति थापाले बताए । यसमा सबै लाग्नुपर्ने उनले बताए । 'मैले यहाँ बोलिदिए भैहाल्छ भन्ने हुन्न । अहिलेदेखि सबै लाग्नुपर्छ । मेहनत गर्नुपर्नेछ । काम गर्नुपर्छ,' उनले भने ।

यसका लागि इलेक्सन ब्युरो बनाएको र त्यसको नेतृत्व पुष्पा भुसालले गरिरहेको उनले बताए । समुदायका हिसाबले पनि कांग्रेस यसपटक बढीभन्दा बढी लिएर निर्वाचनमा जाने उनले बताए ।

# पहिलो पटक मनाइयो मल्टिपल स्क्लेरोसिस दिवस

**टुडे समाचारदाता**

काठमाण्डू । नेपालमा पहिलो पटक विश्व मल्टिपल स्क्लेरोसिस (एमएस) दिवस मनाइएको छ । ललितपुरमा मल्टिपल स्क्लेरोसिस सोसाइटी नेपाल र अल्का अस्पतालको संयुक्त प्रयासमा शनिवार सो दिवस मनाइएको हो ।




शरीरभित्र रहेको एन्टिबडीले शरीरलाई नै नचिनेर नसाको झिल्ली बिगार्ने रोगलाई 'मल्टिपल स्क्लेरोसिस' भनिन्छ । यो दिवस संसारभर मे ३० मा मनाउने गरिन्छ । विश्वभर ८ करोड (८० मिलियन) भन्दा बढी मानिस यस रोगबाट प्रभावित रहेको अनुमान छ । नेपालमा बिरामीको यकिन तथ्यांक छैन ।

विशेषज्ञका अनुसार नेपालमा रोग २० देखि ४० वर्षका उमेर समूहमा बढी देखिएको छ । पुरुषको तुलनामा महिलाहरू यसबाट बढी प्रभावित हुने गरेको पाइएको छ । उमेरको हिसावले यो ८ वर्षका बालकदेखि ८० वर्षका वृद्धसम्मलाई हुनसक्ने क्लिनिकल तथ्यांकहरू पाइन्छ ।

संचारकर्मीसँग कुरा गर्दै अल्का अस्पतालका नसा रोग विशेषज्ञ डा. अविनाश चन्द्रले 'मल्टिपल स्क्लेरोसिस' भएका व्यक्तिको नसाका विभिन्न स्थानमा घाउ देखापर्ने बताए । रोगले विशेषगरी मस्तिष्क र मेरुदण्ड (स्पाइनल कर्ड) मा असर पुर्‍याउँने डा चन्द्रले बताए । यो रोग रोगप्रतिरोधात्मक क्षमता कम भएका र वंशाणुगत कारणले हुने गरेको पाइएको छ ।

यो के कारणले हुन्छ भन्ने यकिन साथ भन्न नसकिए पनि विभिन्न अध्ययनले भिटामिन डी को कमी हुँदा र धेरै पटक भाइरल संक्रमण भएका व्यक्तिहरूमा मल्टिपल स्क्लेरोसिसको समस्या देखिने देखिने गरेको छ । साथै धेरै चिसो स्थानमा बसोबास गर्नेहरूमा पनि मल्टिपल स्क्लेरोसिस हुने गरेको पाइन्छ ।

शरीरको प्रतिरोधात्मक प्रणालीले आफ्नै नसालाई बाहिरी शत्रु ठानेर आक्रमण गर्ने भएकाले मल्टिपल स्क्लेरोसिसलाई ' अटोइम्युन' रोग मानिन्छ । डा. चन्द्रकाअनुसार नसालाई एक विद्युतीय तारको रूपमा बुझ्ने हो भने, जसको बाहिरी सुरक्षा कवच (माइलिन सिथ) खुइलिँदा मस्तिष्कबाट प्रवाह हुने सूचनामा अवरोध पैदा हुन्छ ।

यसका मुख्य लक्षणहरूमा एउटै वस्तु दुईवटा देखिनु (डबल भिजन), रिँगटा लाग्नु, शरीर सन्तुलनमा समस्या हुनु, अत्यधिक थकाइ लाग्नु र शरीरमा विद्युतीय झट्का लागे जस्तो महशुस हुनु रहेको ड़ा चन्द्रले बताए ।

तातो पानीले नुहाउँदा वा गर्मीमा यी लक्षणहरू थप बढ्ने गरेको पाइएको छ । यो रोगका लक्षणहरू अन्य रोगहरूको सामान्य लक्षण र समस्याहरू सँग मिल्ने भएकाले नेपालमा यसको उपचार गलत हुने, उपचार पुर्व गलत डाइग्नोसिस हुने जोखिम रहेको डा चन्द्रले जानकारी दिए ।

'कतिपय अवस्थामा बिरामीले महसुस गर्ने अत्यधिक थकाइलाई अन्य साधारण कारण मानिँदा वास्तविक रोग छुट्न सक्छ । तसर्थ, शंकास्पद लक्षण देखिएमा स्वास्थ्यकर्मीसँग यो मल्टिपल स्क्लेरोसिस त होइन भनी परामर्श लिनु आवश्यक रहेको उहाँको सुझाव छ,' उनले भने ।

हालसम्म मल्टिपल स्क्लेरोसिसलाई पूर्ण रूपमा निको पार्ने औषधि पत्ता नलागे तापनि रोगको वृद्धि रोक्न र यसबाट हुने क्षति न्युनिकरण गर्न प्रभावकारी औषधिहरू उपलब्ध छन् । एमआरआई र नसाको पानी जाँच (सीएसएफ) जस्ता परीक्षणहरू महँगा हुने भएकाले यसको पहिचान र उपचार खर्चिलो मानिन्छ ।

यद्यपि नेपाल सरकार र मल्टिपल स्क्लेरोसिस सोसाइटीको पैरवीको कारण हाल क्यान्सर उपचारमा प्रयोग हुने 'रितुक्सिम्याब' जस्ता औषधिहरूलाई एमएसका बिरामीका लागि पनि सहुलियत र सहज उपलब्धताको व्यवस्था मिलाइएको डा. चन्द्रले जानकारी दिए ।

यो रोगलाई उपचार गरेर निर्मूल गर्न नसके पनि नियन्त्रणमा राख्न सकिन्छ । त्यसैले यो रोगको लक्षण देखापर्ने बित्तिकै चिकित्सकको सम्पर्कमा गएर उपचार सुरु गरिहाल्न डा चन्द्रले अनुरोध गरे ।

समयमा नै उपचार भय शरीर अपांगता हुनबाट जोगाउने वा रोक्न सकिने डा चन्द्रको तर्क छ । रोगले च्याप्दै जाँदा सास फेर्न समस्या, नसामा समस्या, मुटुको नसामा समस्या एकसाथ आउन सक्ने र त्यो विकशित भएर मल्टिपल स्क्लेरोसिस भएमा बिरामीको मृत्युसमेत हुनसक्छ ।

# ब्रोइलर कुखुराको चल्ला नष्ट

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बलले पर्साको सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरिएका ठूलो परिमाणका ब्रोइलर कुखुराका चल्ला नियन्त्रणमा लिइ नष्ट गरेका छन ।

सशस्त्र प्रहरी बल नं. १३ गण मुख्यालय पर्साका अनुसार जिल्लाको विन्दवासिनी गाउँपालिका-४ अमरपट्टीस्थित सीमा क्षेत्रमा बिओपी अमरपट्टीबाट खटिएको पैदल गस्ती टोलीले शंकास्पद गतिविधि देखेपछि निगरानी गरेको थियो ।

प्रहरी टोलीलाई देख्नासाथ तस्करीमा संलग्न व्यक्तिहरूले ८० कार्टुनमा प्याक गरिएका ८ हजार गोटा ब्रोइलर कुखुराका चल्ला छाडेर फरार भएका थिए ।

बरामद गरिएका चल्लाको अनुमानित मूल्य करिब ८ लाख रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ । नियन्त्रणमा लिइएका चल्लाहरूलाई प्रचलित कानुन तथा पशु स्वास्थ्य सुरक्षासम्बन्धी



मापदण्ड अनुसार पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, सम्बन्धित ह्याचरीका प्रतिनिधि, नेपाल प्रहरी, स्थानीय भद्रभलाद्मी तथा सञ्चारकर्मीहरूको रोहवरमा नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नं. १३ गण मुख्यालय पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले सीमाक्षेत्रमा हुने अवैध ओसार पसार तथा तस्करी नियन्त्रणका लागि सुरक्षा निगरानीलाई थप प्रभावकारी बनाइएको बताएका छन् ।

# कोशी प्रदेश सभाको अवरोध अन्त्य

**टुडे समाचारदाता**

विराटनगर । जेठ १२ गतेदेखि कोशी प्रदेशसभामा जारी अवरोध दलहरूबिचको सहमतिसँगै अन्त्य भएको छ । प्रदेशसभाको बैठक बस्नु अगाडि शनिवार बसेको कार्य व्यवस्था परामर्श समितिको बैठकमा सभामुख र दलका नेताहरूबिच गतिरोध अन्त्य गर्ने सहमति भएको बताइएको छ ।




प्रदेश सरकारले संसदमा पेस गरेको नीति तथा कार्यक्रम प्रदेशसभाले सर्वसम्मत ढङ्गले पारित भएको भन्ने सभामुखको घोषणा सच्याउने र उक्त सहमति सभामुखले प्रदेशसभाको बैठकमा वाचन गर्ने सहमति भएसँगै गतिरोध अन्त्य भएको हो । सो सहमति अनुरूप सभामुख अम्बर बहादुर विष्टले सभामा पढेर सुनाएका थिए ।

विपक्षी दल नेपाली कम्युनिस्ट पार्टीले आफूहरूको असहमतिका बाबजुद नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको घोषणा गरेको र नीति तथा कार्यक्रममाथि संशोधनको समय नदिई पारित भएको घोषणा गरिएको विषयमा सच्याउन माग गदै त्यसयता प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएको थियो ।

जसका कारण प्रदेश सरकारले बजेट ल्याउनु १५ दिन अगाडि सदनमा पेस गर्नुपर्ने बजेटका सिद्धान्त र प्राथमिकता पेस गर्न सकेको थिएन । यो गतिरोध अन्त्य भएसँगै प्रदेशसभामा बजेटका प्राथमिकता र सिद्धान्त पेस भएको छ र छलफल चलिरहेको छ ।

# महिलाको शव फेला पऱ्यो



**टुडे समाचारदाता**

विराटनगर । झापाको दमक नगरपालिका-१०, सेतुमाडीस्थित रतुवा खोलाको पुलमुनि शंकास्पद अवस्थामा एक महिलाको शव फेला परेको छ ।

शनिबार बिहान करिब ११ बजे सेतो प्लाष्टिकको बोरामा पोको पारिएको शव फेला परेको हो । अन्दाजी ३०-३२ वर्षीया महिलाको शवको पहिचान खुलेको छैन ।

जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी खगेन्द्र खड्काका अनुसार बोरा भित्र शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रारम्भिक अनुसन्धानका क्रममा अन्तकतैबाट शव ल्याएर पुल माथिबाट फालेको जस्तो देखिन्छ । प्रहरीका अनुसार शव २-३ दिन पुरानो हुनसक्ने अनुमान छ ।

मृतक महिलाले रातो रङको भेष्ट र जिन्सको पेन्ट लगाएकी छिन् । महिलाको देब्रो हातमा ट्याटु पनि छ । डिएसपी खड्काका अनुसार शवलाई पोष्टमार्टमका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । महिलाको ट्याटु र हुलियाका आधारमा प्रहरीले पहिचानको प्रयास गरिरहेको छ ।

# मदिराजन्य पदार्थको अन्तशुल्कमा भारी वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक विधेयक २०८३ मा मदिराजन्य पेय पदार्थको अन्तःशुल्क दरमा भारी वृद्धि गरेको छ । कानुन आयोगले सार्वजनिक गरेको पुरानो दररेट र नयाँ विधेयकको दररेट तुलना गर्दा बियर, वाइन र कम शक्ति भएका मदिराको कर बढाइएको छ ।



बियरको अन्तःशुल्कमा प्रति लिटर १५ रुपैयाँसम्म वृद्धि गरिएको छ । चालु वर्ष प्रति लिटर २४० रुपैयाँ रहेकोमा रहेकोमा नयाँ विधेयकले यसलाई बढाएर २५५ पुऱ्याएको छ ।

अल्कोहल रहित बियरमा शतप्रतिशत वृद्धि भएको छ । पहिले प्रति लिटर ४५ रुपैयाँ रहेकोमा अहिले ९० रुपैयाँ पुऱ्याइएको छ । छ्याङ (कन्ट्री बियर) पहिले प्रति लिटर ४८ रुपैयाँ रहेकोमा अब ५० रुपैयाँ कायम गरिएको छ ।

वाइनको अन्तःशुल्कमा पनि वृद्धि गरिएको छ । १२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएको वाइन पहिले प्रति लिटर ४६० रुपैयाँ रहेकोमा अहिले ४९० रुपैयाँ पुगेको छ । १७ प्रतिशतभन्दा बढी अल्कोहल भएको वाइनको अन्तःशुल्क पहिले प्रति लिटर ५३५ रुपैयाँ रहेकोमा अहिले ५७० रुपैयाँ पुऱ्याइएको छ ।

सेम्पेन, सेरी, साके पहिले प्रति लिटर ५१६ रहेकोमा नयाँ अन्तःशुल्क दररेट अनुसार ५४० देखि ५७० सम्म (प्रकार हेरी) कायम गरिएको छ । तर उच्च गुणस्तरका र धेरै अल्कोहल भएका प्रिमियम' ब्रान्डका कडा मदिरा (ह्विस्की, ब्रान्डी, रम, भोड्का) मदिराको करमा भने खासै परिवर्तन गरिएको छैन, तर केही तल्लो तहका ब्रान्डमा वृद्धि देखिएको छ ।

१५, २५ र ३० यु.पी. शक्तिः यी तीन वटै श्रेणीका मदिराको कर पुरानै दरमा स्थिर राखिएको छ । १५ यु.पी. को रु. १,८६०, २५ यु.पी. को रु.१,३९० र ३० यु.पी.को रु. १,२९० प्रतिलिटर नै कायम छ । ४० यु.पी. शक्ति (३४.२३) अल्कोहल पहिले प्रति लिटर ६५० रुपैयाँ रहेकोमा नयाँ विधेयकले यसलाई ६९० रुपैयाँ पुऱ्याएको छ । ५० यु.पी. शक्ति (२८.५३) अल्कोहल पहिले प्रति लिटर ४५० रुपैयाँ रहेकोमा अहिले ४९० रुपैयाँ कायम गरिएको छ ।

मदिरा मिश्रित तयारी पेय ५ प्रतिशतसम्म अल्कोहल भएको पेयमा पहिले प्रति लिटर २४० रुपैयाँ रहेकोमा नयाँ दरमा २५५ रुपैयाँ पुऱ्याइएको छ । सरकारले विशेष गरी बियर र मध्यम स्तरका मदिरा (४० र ५० यु.पी.) को कर बढाएर राजस्व वृद्धिको लक्ष्य राखेको देखिन्छ ।

उच्च मूल्यका मदिराको दररेटमा भने स्थिरता कायम गरिएको छ । आयातित मदिराको हकमा अल्कोहलको मात्रामा १ प्रतिशतसम्मको तलमाथि भएमा सोही दरबन्दी लाग्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

# भारतमा उद्धार गरिएका नेपाली स्वदेश फर्के

**टुडे समाचारदाता**

बुटवल । भारतको उत्तर प्रदेशस्थित कुशीनगरबाट उद्धार गरिएका ४५३ जना नेपालीलाई स्वदेश फर्काइएको छ ।

भारतीय प्रहरीको सहयोगमा लुम्बिनी प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालय रूपन्देहीको टोलीले कुशीनगर पुगेर उनीहरूको उद्धार गरी बेलहिया नाका हुँदै स्वदेश फर्काएको हो ।



उद्धार गरिएकाहरूलाई भारतको सुनौली हुँदै बेलहिया नाकाबाट भैरहवा ल्याइएको प्रहरीले जनाएको छ। रूपन्देहीका प्रहरी प्रमुख (एसपी) जनकबहादुर शाहीका अनुसार भारतीय राजदूतावासको समन्वय तथा एसएसपी प्रकाश मल्लको नेतृत्वमा खटिएको नेपाल प्रहरीको टोलीले उनीहरूको उद्धार गरेको हो । उद्धार गरिएका सबैलाई हाल जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा राखिएको छ। आठवटा भारतीय बसमा राखेर नेपाल ल्याइएका उनीहरूको विवरण सङ्कलन तथा स्क्रिनिङ प्रक्रिया सुरु गरिएको प्रहरीले जनाएको छ।

उद्धार गरिएकामध्ये करिब आधा सं्या महिलाको रहेको एसपी शाहीले रातोपाटीलाई बताए । प्रारम्भिक अनुसन्धानका क्रममा उनीहरूमध्ये केही अलपत्र परेका, केही हराएका तथा केहीलाई विभिन्न प्रलोभनमा पारेर नेपालबाट भारत पुऱ्याई बन्दक बनाइएको हुन सक्ने आशङ्का प्रहरीले गरेको छ ।

आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरेपछि उनीहरूलाई सम्बन्धित परिवारको जिम्मा लगाएर घर पठाइने प्रहरीले जनाएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | खानपान र यात्रा गर्दा विशेष सावधानी अपनाउनुहोला । |
| वृष : | दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै सुमधुर रहनेछ । |
| मिथुन : | आज तपाईको कार्यक्षमता र आत्मविश्वास उच्च रहनेछ । |
| कर्कट : | सन्तानको तर्फबाट सुखद र संतोषजनक समाचार प्राप्त हुनेछ । |
| सिंह : | घरजग्गा वा सवारी साधनको कारोबार गर्दा कागजातहरु राम्ररी जाँच्नुहोला । |
| कन्या : | आज तपाईको पराक्रम, हिम्मत र उत्साहमा वृद्धि हुनेछ । |
| तुला : | आर्थिक दृष्टिकोणले आजको दिन उत्तम रहनेछ। |
| वृश्चिक : | सामाजिक मान-प्रतिष्ठा र सम्मानमा वृद्धि हुनेछ । |
| धनु : | आज खर्चको मात्रा केही बढ्न सक्छ । |
| मकर : | आम्दानीका विभिन्न स्रोतहरु फेला पर्नेछन् । |
| कुम्भः | कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग तथा लाभ मिल्ने दिन छ । |
| मीनः | भाग्यले पूर्ण साथ दिनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्साको ठोरीमा १९१ मिलिमिटर वर्षा, देशभर तापक्रम घट्यो



काठमाण्डु । पछिल्लो २ दिनदेखि मौसममा थप बदली भई ठाउँठाउँमा भारी वर्षा भइरहेको छ। देशभर नै बदली भएकाले तापक्रम शनिबार उल्लेख्य रूपमा घटेको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा पर्सा जिल्लाको ठोरीमा १९१.२ मिलिमिटर वर्षा भएको छ। यो धेरै भारी वर्षा नजिक हो।

अन्य केही जिल्लामा मकवानपुरको भोर्लेनी, गढी र रजैयामा पनि भारी वर्षा (५० मिमिभन्दा माथि) भएको छ । यस्तै बाँकेमा पनि ४८ मिलिमिटर (भारी नजिक) पानी परेको छ।

पछिल्लो एक घण्टामा कञ्चनपुर, डोटी, नवलपरासी सुस्तापश्चिम र रूपन्देहीमा पनि वर्षा भएको छ। मौसमविद् सरोज पुडासैनीले तराईमा मङ्गलबारसम्मै बदली रहने हुनाले गर्मी घट्ने जानकारी दिनुभयो । उहाँका अनुसार केही ठाउँमा भारीसम्मै वर्षा हुने पनि जानकारी दिनुभएको छ।

यो समय प्रि-मनसुन भएकाले हावाहुरी चट्याङ पनि हुने भएकाले सावधानी अपनाउन उहाँले अनुरोध गर्नुभएको छ । विभागमा प्राप्त अभिलेखअनुसार शनिबार नेपालमा तापक्रम ३६ डिग्रीभन्दा तलै रहेको छ । विभागका अनुसार शनिबार सबैभन्दा बढी धनगढीमा ३५.८ डिग्री तापक्रम रेकर्ड भएको छ।

चन्द्रगढी विमानस्थलमा ३४.४, जनकपुरमा ३३, धरानमा ३३.७, विराटनगरमा ३३.२, भैरहवामा ३४ र नेपालगञ्जमा ३३.९ डिग्री तापक्रम पुगेको छ । काठमाडौँमा अधिकतम तापक्रम २५.३ डिग्री रहेको छ । यसअघि यो वर्ष काठमाडौँमा ३० डिग्री पुगेको थियो भने नेपालगञ्जलगायत केही जिल्लामा ४१ डिग्रीमाथि तापक्रम पुगेको थियो। रासस

# ‘पुँजीगत खर्च बढाउँदा अर्थतन्त्र चलायमान हुन्छ’

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले पुँजीगत खर्च बढाउने सरकारको सकारात्मक पहलका रूपमा रहेको भन्दै यसले निजी क्षेत्र चलायमान हुने विश्वास व्यक्त गर्नुभएको छ।

नेपाल जग्गा तथा आवास विकास सङ्घद्वारा शनिबार यहाँ आयोजित १९औँ वार्षिक साधारणसभामा उहाँले आगामी आर्थिक वर्षको बजेटमा थोरै भए पनि पुँजीगत खर्च बढ्दा अर्थतन्त्र चलायमान हुने बताउनुभयो।

अध्यक्ष श्रेष्ठले बजेटले पूर्वाधार क्षेत्रको खर्च बढाउनु, आयकर घटाउनु, प्रविधिलाई जोड दिनु सकारात्मक पक्ष भएको प्रतिक्रिया दिनुभयो।

उहाँले रोजगारीका लागि विदेश जानुपर्ने र उपभोग्य वस्तु ७० प्रतिशत विदेशबाट आयत गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले बजेटले विदेशी नागरिकलाई लिजमा घर किन्न पाउने व्यवस्था गर्नु, व्यवस्थित सहरको कल्पना गर्नु यस क्षेत्रका व्यवसायीका लागि खुसीको विषय भएको उल्लेख गर्नुभयो।

घरजग्गा व्यवसायको समस्यालाई समाधान गर्न महासङ्घ सदैव सकारात्मक भएर लाग्ने अध्यक्ष श्रेष्ठको भनाइ छ। उहाँले



हदबन्दीको समस्या समाधानका लागि महासङ्घले सम्बन्धित निकायको ध्यानाकर्षण गरिसकिएको जानकारी दिनुभयो।

नेपाल जग्गा तथा आवास विकास महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले बजेटले एकीकृत सहरी पूर्वाधारको कल्पना गरेको भन्दै त्यसलाई महासङ्घले सकारात्मक रूपमा लिएको बताउनुभयो। जग्गा हदबन्दी र कित्ताकाटलाई सरकारले अध्यादेशमार्फत अगाडि बढाउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकको समग्र अर्थतन्त्र सकारात्मक भएपनि लगानीको वातावरण नबन्दा समस्या परेको बताउनुभयो। अर्थतन्त्र चलायमान बनाउनका लागि घरजग्गा व्यवसाय चलायमान हुनुपर्ने उहाँको भनाइ छ । अर्थतन्त्र चलायमान बनाउन यस क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले लामो समयको अन्योलपछि स्थायी सरकार बनेको भन्दै यो सरकारसँग निजी क्षेत्र आशावादी रहेका बताउनुभयो । घरजग्गा व्यवसायलाई माथि उकास्न सकेमात्र अन्य व्यवसाय अगाडि बढ्ने उहाँको भनाइ छ । नयाँ सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा करिब रु चार खर्ब बजेट विनियोजन गर्नु निजी क्षेत्रका लागि खुसीको विषय भएको उहाँले प्रतिक्रिया दिनुभयो।

नेपाल जग्गा तथा आवास विकास महासङ्घका संस्थापक अध्यक्ष मीनमान श्रेष्ठले विदेशी नागरिकले ‘अपार्टमेन्ट’ लिजमा किन्न पाउने सरकारको निर्णय सकारात्मक भएको बताउनुभयो। मुलुकको अर्थतन्त्र चलायमान बनाउने घरजग्गा व्यवसाय शिथिल बन्दै गएका आगामी आवको बजेटले सकारात्मक मार्ग देखाएको उहाँले प्रतिक्रिया दिनुभयो।

सङ्घका अध्यक्ष इन्जिनियर दीपक कुँवरले जग्गा हदबन्दीका कारण घरजग्गा व्यवसाय सङ्कटमा परेको बताउनुभयो। उहाँले विस २०७६ सालदेखि लागू भएको जग्गा हदबन्दीसम्बन्धी व्यवस्थाले व्यवसायीलाई ठूलो मर्कामा परेको भन्दै यो समस्या सथाशीघ्र समाधान हुनेमा विश्वास व्यक्त गर्नुभयो। रासस

# ‘नेपाल-भारतबीच पत्रकारिता क्षेत्रमा सहकार्य विस्तार आवश्यक छ’

सिद्धार्थनगर । नेपाल र भारतका सञ्चारकर्मीले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै पत्रकारिताको क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। हिन्दी पत्रकारिताको दुई सय वर्ष पूरा भएको अवसरमा शनिबार भारतको गोरखपुरमा आयोजित अन्तर्क्रियामा सहभागी दुवै देशका सञ्चारकर्मीहरूले सहकार्यमा जोड दिएका हुन्।

प्रेस क्लब, गोरखपुर र गोरखपुर जर्नालिस्ट प्रेस क्लबको संयुक्त आयोजनामा भएको कार्यक्रममा पत्रकारिताको बदलिँदो स्वरूप, खोज पत्रकारिता, सीमापार सहकार्य तथा नेपाल-भारत सम्बन्धलाई सञ्चार माध्यममार्फत थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो।

कार्यक्रममा वरिष्ठ पत्रकार तथा आजतक टेलिभिजनका प्रतिनिधि गजेन्द्र त्रिपाठीले नेपाल र भारतबीच रहेका साझा समस्या, सामाजिक सरोकार र जनचासोका विषयमा दुवै देशका सञ्चारमाध्यमले समन्वयात्मक ढङ्गले काम गर्नुपर्ने बताउनुभयो।

उहाँले पत्रकारिताले दुई देशका नागरिकबीच आपसी विश्वास र समझदारी अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै पत्रकारहरूको एकता र सहकार्य समयको आवश्यकता भएको धारणा राख्नुभयो।

दैनिक जागरणका पूर्वसम्पादक कमलेश त्रिपाठीले नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई पत्रकारितामार्फत अझ बलियो बनाउनुपर्ने बताउनुभयो। उहाँले खोज पत्रकारिताका क्षेत्रमा दुवै देशका पत्रकारले संयुक्त रूपमा काम गर्न सके सीमापार मुद्दाहरूको प्रभावकारी उजागर गर्न सकिने बताउनुभयो।

प्रेस ट्रस्ट अफ इण्डियाका वरिष्ठ पत्रकार आनन्द रायले हिन्दी पत्रकारिताको दुई सय बर्से यात्राले समाजमा चेतना, लोकतान्त्रिक मूल्य र जनउत्तरदायित्व प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्नुभयो। उहाँले नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै पत्रकारिताको माध्यमबाट साझा मुद्दामा सहकार्य बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा राष्ट्रिय सहाराका पूर्वसम्पादक अनिल पाण्डे, नेपालका तर्फबाट लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीलयातले नेपाल–भारतबीचको सम्बन्धलाई थप सुदृढ बनाउन पत्रकारिताले पुलको भूमिका निर्वाह गर्नसक्ने भएकाले सहकार्यको आवश्यकता रहेको बताउनुभयो। रासस

# काठमाडौँ महानगरका एक हजारभन्दा बढी सहकारी सम्पर्कबाहिर

काठमाण्डु । काठमाडौँ महानगरपालिकाभित्रसञ्चालनमारहेकाएक हजार १८६ वटा संस्था सम्पर्कबाहिर रहेको बताइएको छ । महानगर सहकारी विभागका अनुसार दर्ता भएकामध्ये ७२६ वटा सहकारी संस्थाले मात्रै सम्पर्कमा रही नियमित रूपमा वार्षिक प्रतिवेदन पेस गर्ने गरेका छन्।

विभागका प्रमुख ध्रुवकुमार काफ्लेले यसरी सम्पर्कमा नरहेका सहकारीलाई कानुनअनुसार कारबाही गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । नियमनका लागि वडा महिला सञ्जाललाई विभागबाट जिम्मेवारी दिइएको बताउनुभयो।

“महिला सञ्जाललाई पत्र पठाएर सहकारीका सिद्धान्त, व्यवसाय प्रवर्द्धन तथा सुशासन कायम राख्न सहयोग तथा समन्वयको भूमिका निर्वाहका लागि जिम्मेवारी दिएको छ । सामूहिक हित, समन्वय तथा मेलमिलापमार्फत समस्या समाधान गर्ने उद्देश्यले सञ्जाललाई सहकारीसम्बन्धी कार्य विवरण थप गरिएको हो”, विभाग प्रमुख काफ्लेले भन्नुभयो।




मेलमिलाप तथा छलफलका लागि वडा महिला सजालका संयोजक र सदस्य, सहकारी संस्थाका तर्फबाट सहकारी संस्थाका प्रतिनिधि, ऋणीका हकमा स्वयं ऋणी तथा बचतकर्ताका हकमा स्वयं बचतकर्ता सहभागी हुनेछन्।

समस्या समाधानका लागि महानगरको क्षेत्राधिकार तथा सम्बन्धित वडामा पर्ने सहकारी संस्थासम्बन्धी बचतकर्ताको बचत रकम फिर्ता गर्न एकल वा संयुक्त निवेदन लिनेछ।

सहकारी संस्था वा ऋणीलाई अनलाइन वा पत्राचारमार्फत सम्पर्कमा ल्याइने छ। मेलमिलापका लागि संस्थाको नाम, ठेगाना, दाबी गरिएको रकमसम्बन्धी विवरण, सम्पर्क नम्बर, तमसुकसहितको अभिलेख लिनेछ। यसले छलफल र मेलमिलापसँगै ऋण नतिर्ने ऋणीबाट ऋण उठाउन सहजीकरण गर्ने विश्वास गरिएको छ। वडाबाट सूचना गएपछि पनि ऋणीहरूले ऋण तिर्न कुनै चासो नदेखाएमा वा सम्पर्कमा नआएमा त्यस्ता ऋणीहरूको सार्वजनिक आधारभूत सेवामा प्रतिबन्ध लगाउने विषयमा पनि वडाध्यक्ष र विभागलाई सुझाव दिइने जनाइएको छ।

सहकारी विभागलाई वडाभित्रका सहकारी संस्थाको वित्तीय अवस्था, बचत फिर्ता, ऋण असुली तथा सदस्य हितसम्बन्धी समस्याको जानकारी गराउने, सहकारी संस्थामा सुशासन, पारदर्शिता तथा उत्तरदायित्व कायम गराउन र सहकारीसम्बन्धी समस्या समाधानका लागि निकायगत समन्वय गर्ने जिम्मेवारी रहेको छ। रासस


# बजेटको उच्च प्राथमिकतामा सुरुङमार्ग

काठमाण्डु । मुलुकभित्र दुई वटा सुरुङमार्ग निर्माण सम्पन्न भई सञ्चालनको अन्तिम तयारीमा पुगेको बेला सरकारले थप स्थानमा सुरुङ निर्माण गर्ने योजना अगाडि सारेको छ।

नागढुङ्गा-नौबिसे सुरुङमार्ग निर्माण सम्पन्न भइसकेको छ । सो सुरुङमार्ग सञ्चालनका लागि आवश्यक प्राविधिक तयारीको काम भइरहेको छ । सिद्धबाबा सुरुङमार्ग निर्माण सम्पन्न गरी आगामी असोजदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

काठमाडौँ तराई-मधेस द्रुतमार्गमा पनि छ वटा सुरुङ निर्माणको क्रममा छ । सहज यातायात सञ्चालनका लागि सरकारले आगामी आर्थिक वर्षको बजेटमा सुरुङमार्गलाई विशेष प्राथमिकतामा राखेको छ।

आगामी आवको बजेटमा सरकारले टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने विषयलाई समावेश गरेको छ। सो सुरुङमार्गको चिनियाँ पक्षले प्रारम्भिक तहको सबै अध्ययन



गरिसकेको छ । कर्णालीको जनजीवनलाई सहज बनाउन जाजरकोटको मुलमासदेखि जम्लाको टोपलासम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने योजना बजेटमा समावेश गरिएको छ।

खुर्कोट-चियाबारी, थानकोट-चित्लाङ, मझिमटार-शक्तिखोर र चिसापानी-बबई सुरुङ निर्माणसम्बन्धी अध्ययन गर्ने उल्लेख छ। नागढुङ्गा-नौबिसे सिस्नेखोला सुरुङमार्गको कूल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ । सो सुरुङमार्ग निकट भविष्यमा नै सञ्चालनमा ल्याउने तयारी छ।

काठमाडौँ तराई-मधेस द्रुतमार्गको लेनडाँडा, धेद्रे, महादेवटारमा तीन वटा सुरुङ निर्माणको क्रममा छ। देवीचौर, सिसौटार र चन्द्रामभीरमा पनि सुरुङ निर्माण हुँदैछ।

देशभित्र सडक सुरुङमार्ग निर्माणले गति लिइरहेको बेला अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार सङ्घीय संसद्मा पेस गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा थप नयाँ परियोजना अगाडि बढाउने उल्लेख गर्नुभएको छ। यसअघि आव २०७८/७९ को बजेटमा लामाबगर, धरान-लेउती सुरुङका लागि रकम विनियोजन गरिएको थियो । मझिमटार-शक्तिखोर-जोगिमारा सुरुङमार्ग निर्माणका बारेमा पनि चर्चा चलेको थियो।

सडक विभागका अनुसार सम्भाव्यता देखिएका १७ वटा सुरुङमार्गको पहिचान गरी भौगर्भिक अध्ययनको कार्य अगाडि बढाइएको छ । नेपालमा चन्द्रशम्शेरको समयमा नै मकवानपुरको चुरियामा ७६१ मिटर लामो सुरुङमार्ग निर्माण गरिएको इतिहास छ। रासस

# हिमालयमा जलवायु परिवर्तनका प्रभावबारे ब्रसेल्समा संवाद

काठमाण्डु। सगरमाथा दिवसको अवसर पारेर बेल्जियमस्थित नेपाली राजदूतावासले शुक्रबार युरोपेली बाह्य कार्य सेवा (इईएएस) मा ‘ जलवायु परिवर्तन र यसको हिमालयमा प्रभाव’ विषयमा अन्तरराष्ट्रिय संवाद कार्यक्रम आयोजना गरेको छ।

संवादमा बेल्जियममा कार्यरत विभिन्न देशका राजदूत, नियोग प्रमुख, कूटनीतिज्ञ, नेपाल, बेल्जियम तथा युरोपेली सङ्घ (ईयू) का सरकारी अधिकारी, जलवायु वैज्ञानिक, प्राज्ञ, विद्यार्थी तथा अन्तरराष्ट्रिय सङ्गठनका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा जलवायु परिवर्तनका कारण हिमाली राष्ट्रहरूले भोगिरहेका चुनौतीबारे विशेष छलफल गरिएको थियो।

नेपालका परराष्ट्रमन्त्री शिशिर खनालले भिडियो सन्देशमार्फत सगरमाथा दिवसको शुभकामना व्यक्त गर्दै जलवायु परिवर्तनको मुख्य असर खेपिरहेका संवेदनशील हिमाली पारिस्थितिक प्रणालीको संरक्षण सबैको साझा जिम्मेवारी भएको बताउनुभयो।

उहाँले यस क्षेत्रमा नेपालको प्रतिबद्धता र नेतृत्वदायी भूमिकालाई पुनः दोहोर्‍याउनुभएको उक्त दूतावासले जनाएको छ।

युरोपेली सङ्घका लागि नेपालकी राजदूत सेवा लम्सालले जलवायु परिवर्तनका कारण नेपालले सामना गरिरहेका चुनौतीबारे प्रकाश पार्दै राष्ट्रिय अनुकूलन योजनाको




प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त वित्तीय लगानी आवश्यक रहेको बताउनुभयो । उहाँले वैज्ञानिक प्रमाणका आधारमा अन्तरराष्ट्रिय समुदायले आफ्ना प्रतिबद्धता पूरा गर्न तथा जलवायु न्यायसम्बन्धी अन्तरराष्ट्रिय अदालत (आईसीजे) को सुझाव पालन गर्न आग्रह गर्नुभयो।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख महेश्वर ढकालले ‘जलवायु सहनशील नेपालका लागि जलवायु वित्त’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै नेपालले समुदायमा आधारित अनुकूलन, नवीकरणीय ऊर्जाको विस्तार, वन संरक्षण तथा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) कार्यान्वयनमा प्रगति गरिरहेको उल्लेख गर्नुभयो। उहाँले विश्वव्यापी जलवायु वित्त प्रणालीमा उच्च कारोबार लागत, सीमित पहुँच र क्षमता अभावजस्ता संरचनागत समस्या रहेको धारणा व्यक्त गर्नुभयो।

इईएएसका जलवायु तथा वातावरणसम्बन्धी विशेष दूत एन्थोनी अगोथाले जलवायु मुद्दामा नेपालको कूटनीतिक पहलको प्रशंसा गर्दै जलवायु सङ्कटको अग्रपङ्क्तिमा रहेका संवेदनशील राष्ट्रहरूसँगको साझेदारीमा युरोपेली सङ्घ विश्वसनीय साझेदारका रूपमा रहने विश्वास व्यक्त गर्नुभयो।

बेल्जियमको सङ्घीय जलवायु परिवर्तन विभागअन्तर्गत संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन महासन्धि (युएनएफसिसिसी) का लागि बेल्जियन प्रतिनिधिमण्डलका प्रमुख पिटर विट्टोकले पर्वतीय पारिस्थितिक प्रणालीको संवेदनशीलताबारे चर्चा गर्दै अल्पविकसित राष्ट्रहरूले भोगिरहेका जलवायु प्रभाव न्यूनीकरणका लागि बेल्जियमको अन्तरराष्ट्रिय सहकार्य जारी रहने बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घ ब्रसेल्सकी निर्देशक क्यामिला ब्रुक्नरले हिमालयलाई विश्वको सार्वजनिक धरोहरका रूपमा वर्णन गर्दै जलवायु कार्यका लागि परियोजनामुखीभन्दा प्रणालीगत र सहकार्यमा आधारित दृष्टिकोण आवश्यक छ भन्नुभयो।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का महानिर्देशक पेमा ग्याम्त्सोले भिडियो सन्देशमार्फत हिन्दूकुश-हिमालय क्षेत्रलाई विश्वको ‘तेस्रो ध्रुव’का रूपमा उल्लेख गर्दै यस क्षेत्रले आठ देशका करिब दुई अर्ब मानिसलाई स्वच्छ पानी र महत्त्वपूर्ण पारिस्थितिकीय सेवा प्रदान गरिरहेको तथा यसको संरक्षणका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो।

नेदरल्यान्ड्सको ग्रोनिङ्गेन विश्वविद्यालयका सहप्राध्यापक प्रजल प्रधानले वैज्ञानिक प्रस्तुतीकरणमार्फत जलवायु कार्यको लक्ष्य हासिल गर्न पारिस्थितिक सीमाभित्र रहेर समाजको आधारभूत संरचनालाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका अन्य सहभागीले हिमालय क्षेत्रका जटिल र परस्पर सम्बन्धित चुनौती समाधानका लागि सहकार्यका सम्भावनाबारे विचार आदानप्रदान गरेका थिए। रासस

# ‘निजी क्षेत्रका लागि बजेट सकारात्मक छ’

चितवन, १६ जेठः सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटपछि यहाँका उद्योगी व्यवसायीले बजेट सकारात्मक रहेको प्रतिक्रिया दिएका छन्। उद्योगी व्यवसायीसँगै पेसाकर्मी पनि बजेटबाट लाभान्वित भएका सरोकार भएकाहरूले भन्दै खुसी व्यक्त गरेका हुन्।

उद्योगलाई लक्षित गरी सरकारले भन्सार दर घटाउने, अन्तःशुल्क हटाउनेलगायत नीति लिएसँगै प्रत्यक्ष रूपमा उद्योगी व्यवसायी लाभान्वित भएका उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुमनकुमार श्रेष्ठले बताउनुभयो । व्यक्तिगत करमा ठूलो राहत मिलेको छ । वार्षिक रूपमा रु छ लाखबाट बढाएर रु १० लाख आम्दानी हुनेलाई न्यून कर दायरामा ल्याउनु सकारात्मक रहेको उहाँले प्रतिक्रिया दिनुभयो।

अधिकतम आयकर दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा ल्याइँदै गर्दा यहाँका चिकित्सक, इञ्जिनियरलगायत ठूलो आम्दानी गर्ने पेसाकर्मी प्रत्यक्ष लाभान्वित भएका श्रेष्ठको भनाइ छ । उहाँले अन्तःशुल्क ३६० प्रकारका वस्तुमा हटाउने र उद्योगका लागि कर प्रणाली सरल बनाउने प्रयास स्वागतयोग्य भएको बताउनुभयो।

यो बजेटबाट बजारमा उपभोग र माग बढ्ने सम्भावना देखिएको भन्दै उहाँले बैंकिङ, अटोमोबाइल र घरजग्गा कारोबारी लाभान्वित हुने महासङ्घका केन्द्रीय सदस्य श्रेष्ठले धारणा राख्नुभयो। देवघाटलगायत धार्मिक क्षेत्रको प्रवर्द्धन र




भरतपुर विमानस्थल विस्तार गरी रात्रिकालीन उडान गर्दा यहाँको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उहाँको बुझाइ छ।

बागमती प्रदेश उद्योग परिसङ्घका अध्यक्ष त्रिलोचन कँडेलले यो बजेटबाट उत्पादनको लागत घट्ने, केही वस्तु सस्तो हुने र घरेलु उद्योग प्रतिस्पर्धी बन्ने बताउनुभयो । दुई सय ७३ औद्योगिक कच्चापदार्थमा भन्सार दर घट्नु र तयारी वस्तुभन्दा कच्चापदार्थ सस्तो हुनुले यहाँका उद्योग प्रत्यक्ष लाभान्वित हुने उहाँले उल्लेख गर्नुभयो।

परिसङ्घका अध्यक्ष कँडेलले भन्नुभयो, “यो बजेटसँगै उद्योग सञ्चालनमा लागत घट्ने छ ।” उत्पादन तथा निर्यात बढ्नसक्ने र पुँजीबजारमा सुधार आउने उहाँको भनाइ छ।

उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष राजन गौतमले हालसम्मकै सबैभन्दा उत्कृष्ट बजेट आएको भन्दै यसले आमनागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने धारणा राख्नुभयो । पहुँचका आधारमा आफ्नो क्षेत्र केन्द्रित बजेट वितरण नगरिएको बताउँदै उहाँले आवश्यकताका आधारमा बजेट विनियोजन गरिएकाले समग्र नेपाली प्रत्यक्ष लाभान्वित हुने प्रतिक्रिया दिनुभयो।

बजेटले कृषि क्षेत्रलाई समयानुकूल प्रोत्साहन दिएको पूर्वअध्यक्ष गौतमको भनाइ छ । उहाँले रु दुई करोडसम्म लगानी गर्ने किसानलाई ४० प्रतिशत अनुदान दिइएको जनाउँदै यसले कृषिमा व्यवसायीकरण बढ्ने, खाद्य सुरक्षामा सुधार हुने बताउनुभयो । उहाँले भन्नुभयो, “यो बजेटले ग्रामीण अर्थतन्त्रलाई सक्रिय बनाउँछ।”

बजेटले सबै क्षेत्रलाई सम्बोधन गर्न सकेको भन्दै अब सरकारलेसोहीअनुरुपकार्यान्वयनमा लैजानुपर्नेमा पूर्वअध्यक्ष गौतमले जोड दिनुभयो। यसअघिका वर्षमा पनि बजेट सकारात्मक हुँदाहुँदा पनि अस्थिर सरकारका कारण कार्यान्वयन पक्ष फितलो भएको भन्दै उहाँले अब यो समस्या नआउने विश्वास व्यक्त गर्नुभयो।

च्याम्बर अफ कमर्स चितवनका अध्यक्ष गोपाल भट्टराईले बजेट आशावादी र तुलनात्मक रूपमा सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो। रासस

# ‘नवौँ नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी’ को तयारी सुरु

काठमाण्डु । आगामी असोज १ गतेदेखि ‘नवौँ नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी’ को तयारी सुरु भएको छ। नेपाल जग्गा तथा आवास विकास महासङ्घ र नेपाल जग्गा तथा आवास विकास सङ्घको संयुक्त आयोजनामा आगामी असोज १ गतेदेखि ४ गतेसम्म ‘नवौँ नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी’ हुन लागेको हो।


प्रदर्शनीबारे जानकारी दिन शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा महासङ्घका महासचिव रोशन भोयधोले ‘ दिगोपनाका लागि हरियाली’ भन्ने मूल नाराका साथ उक्त प्रदर्शनी आयोजना गरिने जानकारी दिनुभयो। ‘आवासको हक र व्यवस्थित सहरीकरणमा जोड’ दिने उद्देश्यसहित आयोजना हुने प्रदर्शनीको व्यवस्थापन सिआ इभेन्ट एसोसिएट्स प्रालिले गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

महासचिव भोयधोले संविधानले आवासको हकलाई नागरिकको मौलिक हकका रूपमा अङ्गीकार गरेको परिप्रेक्ष्यमा उक्त प्रदर्शनीले सुरक्षित, व्यवस्थित र किफायती आवास विकासमा सहयोग पुग्ने बताउनुभयो।

घरजग्गा व्यवसायी र उपभोक्तालाई एकै ठाउँमा भेला गराई नयाँ प्रविधि, उत्पादन र बजारको वास्तविक अवस्थाबारे जानकारी गराउनु मेलाको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो।रासस

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बजेटमा मधेश उपेक्षित

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को सरकारले प्रथम पटक पेश गरेको बजेटमा तराई/मधेश पूर्णरुपमा उपेक्षित भएको छ ।मधेश प्रदेशको ३२ मध्ये ३० सिट प्रत्यक्ष रुपमा जितेको रास्वपाले मधेशलाई बजेटमा महत्व दिएको छैन् ।मधेशको 'लाईफलाइन' मानिएको हुलाकी सडक उपेक्षित छ ।रास्वपाका कयौं नेता र सांसदले सिरहा र धनुषाबीचको सीमा नदी कमलामा पुल बनाउने प्रतिबद्धता जनाएका थिए ।तर बजेटमा कमला नदीलाई समेटिएको छैन् ।बिगतको सरकारले मधेशलाई पूर्ण उपेक्षागर्दै आएको थियो ।रास्वपाको सरकारलेपनि मधेशीलाई निराश बनाएको छ ।मधेश प्रदेशबाट रास्वपाले सर्वाधिक समानुपातिक मतपनि पाएको थियो ।समानुपातिक तर्फको सांसदको संख्या बढाउनेमा मधेश प्रदेशको महत्वपूर्ण योगदान छ ।तर मधेशलाई सरकारले वेवास्ता गरेको छ।बजेटले तराई/मधेशलाई विनासगर्ने चुरे क्षेत्रलाई प्राथमिकतामा राखेको छ।चुरे क्षेत्रमा निर्माण हुने सडक लगायतमा सरकारले बजेट दिएको छ ।तर चुरेलाई संरक्षण गर्न सरकारले चासो देखाएको छैन ।मधेश प्रदेशले एकछापे मतदान नगरेको भए रास्वपाको एकलौटी सरकार बन्न सहज थिएन् ।मधेश प्रदेशमा सरकारले बिभिन्न योजनाहरुमा बजेट खन्याउनु पर्ने थियो ।कयौं वर्षदेखि अलपत्र परेका पुल, सडक, खानेपानी योजना, शिक्षा, स्वास्थ्य लगायतलाई उपेक्षा गरिएको छ ।राष्ट्रिय गौरवको रुपमा रहेको हिन्दूहरुको आस्थाको केन्द्र जानकी मन्दिरलाई विश्वसम्पदा सुचीमा राख्न प्रयत्न गरिने शब्द बजेटमा राखिएको छ ।जानकी मन्दिरलाई विश्वसम्पदा सुचीमा राख्न बजेट चाहिन्छ ?सरकारले बजेट मार्फत जानकी मन्दिरलाई विश्वसम्पदा सुचीमा समावेश गराउन बजेटमा उल्लेखगरि मधेशीलाई भ्रमि तगर्न खोजिएको छ ।विश्वसम्पदा सुचीमा राख्न युनेस्कोसित पहल गर्न आवश्यक छ ।विगतमा जनकपुरधाम उपमहानगरपालिका, प्रदेश र संघीय सरकारले पहल गरेको छ ।त्यो प्रयास सकारात्मक रुपमा अगाडी बढेको छ ।संघीय सरकारले बजेटमा चर्चा गरेकोपनि सकारात्मक हो ।तर त्यसले मधेशको अपेक्षालाई पुरा गरेको छैन् ।राजविराज, रामजानकी जनकपुरधाम र नारायणी रंगशालाको बजेटमा चर्चा छैन् ।मधेश प्रदेशका सांसदहरुले हरेक जिल्लामा बजेट राख्न बहुत मिहिनेत गरेका थिए ।तर त्यो अपेक्षाकृत सार्थक हुन सकेन् ।मधेश प्रदेशको नियति नै ठगिने हो ।मधेशका मतदाताहरुले रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह(बालेन)देशको प्रधानमन्त्री हुने नाममै एकछापे मतदान गरे ।बालेन प्रधानमन्त्रीपनि बने ।तर मधेशले अत्यावश्यक विकासका कार्यहरुमा संघीय बजेट पाउन सकेन् ।बिगतको सरकारहरुको तुलनामा वर्तमान सरकारले मधेशलाई बढी उपेक्षा गरेको छ ।मधेशमा सरकारले कुनै नयाँ योजना अथवा पुराना ठूला आयोजनाहरुमा बजेट हालेको छैन् ।मधेशीका लागि पहिलो गाँसमा नै ढुंगा परेको छ ।मधेशका सांसदहरुले आफना मतदाताहरुलाई समुचित जवाफ दिने ठाउँपनि रहेन् ।

## स्थानीय आर्थिक विकासः

# नेपालको समृद्धिको आधारशिला



● सुजीत कुमार झा

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासन प्रणालीले स्थानीय तहलाई विकास, सेवा प्रवाह र आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा स्थापित गरेको छ। नेपालको संविधानले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकारको संवैधानिक मान्यता प्रदान गर्दै आर्थिक विकास, योजना निर्माण, स्रोत व्यवस्थापन तथा सार्वजनिक सेवा सञ्चालनको महत्वपूर्ण जिम्मेवारी दिएको छ। देशभरका ७५३ स्थानीय तहहरू केवल प्रशासनिक एकाइ मात्र होइनन्, यी जनताको सबैभन्दा नजिकका सरकार र आर्थिक गतिविधिका केन्द्र पनि हुन्।

राष्ट्रिय अर्थतन्त्रको वास्तविक शक्ति स्थानीय अर्थतन्त्रबाटै निर्माण हुन्छ। स्थानीय स्तरमा उत्पादन, रोजगारी, उद्यमशीलता र लगानी बढेमा त्यसको प्रत्यक्ष प्रभाव राष्ट्रिय आर्थिक वृद्धिमा पर्छ। त्यसैले नेपालको दिगो समृद्धिको आधार स्थानीय आर्थिक विकासलाई नै मान्न सकिन्छ।

**स्थानीय आर्थिक विकासको अवधारणा**

स्थानीय आर्थिक विकास (ियअर्बा भ्अयलफष्अ मभखभयिऊभलत-िभ्म) भन्नाले कुनै निश्चित क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोत, मानव संसाधन, पुँजी, सीप र प्रविधिको प्रभावकारी उपयोगमार्फत उत्पादन, रोजगारी, आयस्तर तथा जीवनस्तरमा सुधार ल्याउने प्रक्रियालाई जनाउँछ। यसको मूल उद्देश्य स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर, उत्पादनमुखी, समावेशी र दिगो बनाउनु हो।

नेपालले हाल बेरोजगारी, गरिबी, आर्थिक असमानता र युवाको तीव्र वैदेशिक पलायनजस्ता समस्याहरू भोगिरहेको छ। यी समस्याको दीर्घकालीन समाधान स्थानीय आर्थिक विकासबाट मात्र सम्भव छ। यसका लागि स्थानीय सरकार, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज तथा समुदायबीच सहकार्य आवश्यक हुन्छ। विकासको यो बहुपक्षीय मोडेलले मात्र स्थानीय स्रोतको उचित उपयोग गरी आर्थिक रूपान्तरण सम्भव बनाउँछ।

विश्व बैंक, एसियाली विकास बैंक (बम्द्य) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले पनि स्थानीय सरकारलाई दिगो विकासको मुख्य संवाहकका रूपमा स्वीकार गरेका छन्। विश्वका सफल अर्थतन्त्रहरूको अध्ययन गर्दा स्थानीय तहको आर्थिक सुदृढीकरणले नै राष्ट्रिय समृद्धिको आधार तयार गरेको पाइन्छ।

**नेपाली अर्थतन्त्र र रेमिट्यान्सको प्रभाव**

नेपालको अर्थतन्त्र अझै पनि कृषि, सेवा क्षेत्र र रेमिट्यान्समा आधारित छ। वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (रेमिट्यान्स) देशको अर्थतन्त्रको प्रमुख आधार बनेको छ। पछिल्ला वर्षहरूमा रेमिट्यान्सको हिस्सा कुल गार्हस्थ्य उत्पादन (न्मए) को झण्डै एक तिहाइ पुगेको छ। रेमिट्यान्सले उपभोग बढाएको, विदेशी मुद्रा सञ्चिति बलियो बनाएको र ग्रामीण क्षेत्रमा नगद प्रवाह बढाएको सकारात्मक पक्ष छ। तर यसको अत्यधिक निर्भरताले उत्पादनशील क्षेत्रमा लगानी घटाउने र आयातमुखी अर्थतन्त्रलाई प्रोत्साहन गर्ने चुनौती पनि सिर्जना गरेको छ।

यद्यपि पछिल्ला वर्षहरूमा विदेशबाट फर्किएका युवाहरूले आधुनिक कृषि, पर्यटन, सूचना प्रविधि, पशुपालन तथा साना उद्योगमा लगानी गर्न थालेका छन्। स्थानीय सरकारहरूले यस्ता उद्यमलाई तालिम, सहुलियत ऋण र प्राविधिक सहयोग उपलब्ध गराएर स्थानीय अर्थतन्त्रमा नयाँ ऊर्जा थप्ने प्रयास गरिरहेका छन्।

**१६औं योजनाको लक्ष्य र स्थानीय तहको भूमिका**

नेपालको १६औँ आवधिक योजनाले आर्थिक तथा सामाजिक रूपान्तरणलाई केन्द्रमा राख्दै आर्थिक वृद्धिदर बढाउने, गरिबी घटाउने र जीवनस्तर सुधार गर्ने महत्वाकांक्षी लक्ष्य तय गरेको छ। योजनाले स्थानीय तहलाई आर्थिक रूपान्तरणको प्रमुख केन्द्रका रूपमा परिकल्पना गरेको छ।

योजनाको लक्ष्यअनुसार प्रतिव्यक्ति आय वृद्धि, गरिबी न्यूनीकरण, साक्षरता विस्तार, विद्युत् पहुँच र डिजिटल सेवाको विस्तारमार्फत समृद्धिको आधार तयार गर्ने अपेक्षा गरिएको छ। यी लक्ष्य हासिल गर्न स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषि व्यवसायीकरण, पर्यटन प्रवर्द्धन तथा डिजिटल अर्थतन्त्रको विस्तार अपरिहार्य मानिएको छ।



**स्थानीय आर्थिक विकासका प्रमुख आधारहरू**

**१. कृषि क्षेत्रको आधुनिकीकरण**

नेपालको ठूलो जनसंख्या अझै पनि कृषिमा निर्भर छ। तर परम्परागत खेती प्रणाली, सिँचाइको अभाव, उच्च उत्पादन लागत र बजार व्यवस्थापनको कमजोरीले कृषि क्षेत्र अपेक्षित रूपमा विकास हुन सकेको छैन। यसलाई सुधार गर्न स्थानीय तहहरूले उन्नत बीउबिजन वितरण, कृषि यान्त्रीकरण, कृषि सडक निर्माण, शीतभण्डार स्थापना तथा कृषि बिमा कार्यक्रम सञ्चालन गरिरहेका छन्। "एक पालिका-एक उत्पादन" जस्ता कार्यक्रमले स्थानीय विशेषतामा आधारित उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याएका छन्।

**२. पर्यटन र स्थानीय उद्यम**

नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाले भरिपूर्ण देश हो। स्थानीय स्तरमा रहेका धार्मिक स्थल, प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा तथा होमस्टे कार्यक्रमहरूले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेलिरहेका छन्।

पर्यटनले होटल, यातायात, हस्तकला, कृषि उत्पादन र स्थानीय सेवामा रोजगारी सिर्जना गर्छ। त्यसैले पर्यटनलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण इन्जिन मानिन्छ।

**३. भौतिक तथा डिजिटल पूर्वाधार**

सडक, विद्युत्, खानेपानी, सञ्चार र इन्टरनेटजस्ता पूर्वाधार आर्थिक विकासका आधारभूत शर्त हुन्। पछिल्ला वर्षहरूमा धेरै स्थानीय तहहरूले ई-गभर्नेन्स, अनलाइन सेवा, डिजिटल कर प्रणाली र विद्युतीय भुक्तानी प्रणाली लागू गरेका छन्।

तर पुँजीगत बजेट खर्चको कमजोरी, प्राविधिक जनशक्तिको अभाव र प्रशासनिक जटिलताले अपेक्षित गति दिन सकेको छैन। पूर्वाधार विकासलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ।

**४. सहकारी र उद्यमशीलता**

ग्रामीण अर्थतन्त्रमा सहकारी संस्थाहरूको भूमिका महत्वपूर्ण छ। बचत तथा ऋण सहकारीमार्फत हजारौँ किसान, महिला र साना व्यवसायीले वित्तीय पहुँच प्राप्त गरेका छन्।

यसैगरी, युवा उद्यमशीलतालाई प्रोत्साहन गर्न स्थानीय तहहरूले बीउ पुँजी, व्यवसायिक तालिम तथा सहुलियत ऋण उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिरहेका छन्। उद्यमशीलताको विकासले रोजगारी सिर्जना र आर्थिक आत्मनिर्भरता दुवैलाई बलियो बनाउँछ।

**स्थानीय आर्थिक विकासका चुनौतीहरू**

स्थानीय तहहरूले आर्थिक विकासको नेतृत्व गरिरहेका भए पनि केही गम्भीर चुनौतीहरू विद्यमान छन्।

पहिलो, अधिकांश स्थानीय तहहरूको आन्तरिक राजस्व कमजोर छ। उनीहरू अझै संघीय अनुदानमा अत्यधिक निर्भर छन्।

दोस्रो, प्राविधिक तथा व्यवस्थापकीय दक्ष जनशक्तिको अभाव छ। योजनाविद्, कृषि विशेषज्ञ, इन्जिनियर तथा आर्थिक व्यवस्थापनसम्बन्धी दक्ष कर्मचारीको कमीले विकास योजनाको गुणस्तर प्रभावित भएको छ।

तेस्रो, दीर्घकालीन उत्पादनशील योजनाभन्दा तत्काल लोकप्रियता हासिल गर्ने वितरणमुखी कार्यक्रमलाई प्राथमिकता दिने प्रवृत्ति अझै कायम छ।

चौथो, कतिपय स्थानीय तहमा पारदर्शिता, वित्तीय अनुशासन र जवाफदेहिताको अभाव देखिन्छ। यसले नागरिकको विश्वास कमजोर बनाउने र विकासको प्रभावकारिता घटाउने खतरा उत्पन्न गरेको छ।

**सम्भावना र आगामी कार्यदिशा**

नेपालका स्थानीय तहहरू जलस्रोत, कृषि, पर्यटन, जडीबुटी, नवीकरणीय ऊर्जा तथा डिजिटल अर्थतन्त्रका दृष्टिले अत्यन्त सम्भावनायुक्त छन्। यी सम्भावनालाई उपयोग गर्न केही रणनीतिक कदम आवश्यक छन्।

स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरी उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्नुपर्छ। निजी-सार्वजनिक साझेदारी (एएए) को माध्यमबाट पूर्वाधार र उत्पादन क्षेत्रमा लगानी बढाउनुपर्छ।

डिजिटल प्रशासनको विस्तार गरी सेवा प्रवाहलाई छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन आवश्यक छ। साथै, युवालाई बजारमुखी सीप, प्रविधि र सहुलियत वित्तीय पहुँच उपलब्ध गराएर उद्यमशीलतामा आकर्षित गर्नुपर्छ।

वैदेशिक रोजगारीबाट फर्किएका युवाको अनुभव र पूँजीलाई स्थानीय विकाससँग जोड्न सके स्थानीय अर्थतन्त्रले नयाँ गति लिन सक्छ।

**अन्त्यमा**

स्थानीय तह नेपालको आर्थिक समृद्धिको आधारशिला हुन्। संघीय शासन प्रणालीको सफलता पनि स्थानीय सरकारको प्रभावकारिता र आर्थिक सबलीकरणसँग प्रत्यक्ष रूपमा जोडिएको छ। उत्पादन, रोजगारी, उद्यमशीलता र सेवा प्रवाहमा स्थानीय तह सक्षम भए मात्र राष्ट्रिय अर्थतन्त्र दिगो रूपमा बलियो बन्न सक्छ।

१६औँ योजनाले परिकल्पना गरेको "सुशासन, सामाजिक न्याय र समृद्धि" को लक्ष्य स्थानीय अर्थतन्त्रको सुदृढीकरणमार्फत मात्र प्राप्त गर्न सकिन्छ। त्यसका लागि स्थानीय सरकारलाई वित्तीय रूपमा सक्षम, प्रशासनिक रूपमा दक्ष र नीतिगत रूपमा आत्मनिर्भर बनाउनु आवश्यक छ।

स्थानीय स्रोत, स्थानीय सीप र स्थानीय नेतृत्वको प्रभावकारी उपयोग गर्न सकिएमा नेपालको समृद्धिको यात्रा गाउँ र नगरबाटै सुरु हुनेछ। यही स्थानीय आर्थिक विकास नै आत्मनिर्भर, समुन्नत र समृद्ध नेपालको सबैभन्दा बलियो आधार बन्न सक्छ।

## आर्थिक वर्ष २०८३/८४ को बजेट :

# मधेशको कृषि, अनुसन्धान र साना किसानको दृष्टिकोणबाट विश्लेषण

**हृदय राज गौतम**

नेपालको कृषि उत्पादनमा मधेश प्रदेशको योगदान अत्यन्त महत्वपूर्ण छ। देशको प्रमुख अन्न भण्डारका रूपमा परिचित मधेशले धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी उत्पादनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। यद्यपि उच्च कृषि सम्भावना हुँदाहुँदै पनि मधेशको कृषि क्षेत्र मल अभाव, माटोको उर्वराशक्ति ह्रास, जलवायु परिवर्तन, भूमिको खण्डीकरण, बजार अस्थिरता तथा कमजोर अनुसन्धान-प्रसार प्रणालीका समस्यासँग जुधिरहेको छ।

यस परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८३/८४ को बजेटलाई मधेश प्रदेशको कृषि विकास तथा कृषि अनुसन्धानको दृष्टिकोणबाट मूल्याङ्कन गर्नु आवश्यक देखिन्छ।

**सबल पक्ष**

कृषि तथा पशुपन्छी विकास क्षेत्रका लागि विनियोजित बजेट र विशेषगरी रासायनिक मल खरिदका लागि छुट्याइएको ठूलो रकम मधेशका किसानका लागि तत्काल राहतको विषय हो। धान, गहुँ तथा तरकारीमा आधारित मधेशको कृषि प्रणाली अझै पनि रासायनिक मलमा अत्यधिक निर्भर रहेको अवस्थामा मल आपूर्ति सहज हुनु उत्पादन स्थिरताका लागि आवश्यक छ।

कृषि बीमामा ८० प्रतिशत प्रिमियम अनुदानको निरन्तरताले बाढी, डुबान, असिना तथा खडेरीबाट प्रभावित मधेशका किसानलाई जोखिम व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्छ।

त्यसैगरी सिँचाइ आयोजनामा गरिएको लगानी सकारात्मक पक्ष हो। मधेशमा भूमिगत पानी तथा नहर प्रणालीको उपयोग भए पनि जलवायु परिवर्तनका कारण बढ्दो खडेरी र अनियमित वर्षाले सिँचाइलाई झन् महत्वपूर्ण बनाएको छ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई बजेटमा स्थान दिनु कृषि अनुसन्धानको दृष्टिले सकारात्मक संकेत हो। यदि यसलाई प्रभावकारी कार्यान्वयन गर्न सकियो भने कृषि क्षेत्रको उत्पादकत्व वृद्धि तथा लागत न्यूनीकरणमा सहयोग पुग्न सक्छ।

**कमजोर पक्ष**

बजेटको सबैभन्दा ठूलो कमजोरी कृषि अनुसन्धानलाई स्पष्ट कार्यक्रमसहित सम्बोधन गर्न नसक्नु हो। मधेशको कृषि आज केवल मल अभावको समस्या मात्र होइन; माटोको जैविक पदार्थ घट्दै जानु, सूक्ष्मतत्वको कमी, जलवायुजन्य तनाव तथा रोग-कीराको बदलिँदो स्वरूप जस्ता जटिल समस्याबाट प्रभावित छ। तर यस्ता समस्याको समाधानका लागि लक्षित अनुसन्धान कार्यक्रम बजेटमा स्पष्ट देखिँदैन।

मधेशका धेरै जिल्लाको माटोमा जैविक पदार्थको मात्रा निरन्तर घटिरहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। रासायनिक मलको बढ्दो प्रयोगसँगै माटोको भौतिक, रासायनिक तथा जैविक गुणस्तरमा नकारात्मक असर पर्न थालेको छ। तर माटो स्वास्थ्य पुनर्स्थापना कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको देखिँदैन।

त्यस्तै जैविक मल, सूक्ष्मजीवजन्य मल (द्यष्याभचतषष्शिभच), नाइट्रोजन स्थिरीकरण गर्ने जीवाणु, फस्फोरस घुलनशील सूक्ष्मजीव तथा माइकोराइजाजस्ता प्रविधिको विकास र विस्तारका लागि कुनै विशेष कार्यक्रम घोषणा गरिएको छैन। यसले कृषि आत्मनिर्भरताभन्दा आयातमा आधारित कृषि प्रणालीलाई निरन्तरता दिने संकेत गर्दछ।

**अवसरहरू**

मधेश प्रदेश जैविक तथा सूक्ष्मजीवजन्य मल उत्पादनका लागि नेपालको सबैभन्दा उपयुक्त क्षेत्रमध्ये एक हो। यहाँ प्रशस्त मात्रामा कृषि अवशेष, पशुजन्य पदार्थ तथा जैविक कच्चा पदार्थ उपलब्ध छन्। यदि राज्यले कम्पोस्ट, बायोफर्टिलाइजर तथा बायोस्टिमुलेन्ट उद्योगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गऱ्यो भने रासायनिक मल आयातमा उल्लेखनीय कमी ल्याउन सकिन्छ।

मधेशमा अवस्थित कृषि अनुसन्धान केन्द्रहरू, विश्वविद्यालय तथा निजी क्षेत्रबीच सहकार्य गरी स्थानीय आवश्यकता अनुसार प्रविधि विकास गर्न सकिन्छ। विशेषगरी धान-गहुँ प्रणाली, माटो स्वास्थ्य, जल व्यवस्थापन तथा जलवायु अनुकूल खेती प्रविधिमा अनुसन्धानका विशाल सम्भावना छन्।

भविष्यमा कार्बन खेती (ऋबचदयल ँबचक्ष्लन), पुनरुत्पादक कृषि (च्भनभलभचबतष्खभ बनचष्अगातिगचभ) तथा माटो कार्बन व्यवस्थापन विश्वव्यापी प्राथमिकताका विषय बन्नेछन्। मधेशको कृषि प्रणालीलाई अहिले नै त्यस दिशातर्फ उन्मुख गर्न सकिएमा किसानको आय तथा वातावरणीय लाभ दुवै प्राप्त गर्न सकिन्छ।

यसैगरी मधेशका विभिन्न कृषि-पारिस्थितिक क्षेत्रबाट उपयोगी सूक्ष्मजीवहरूको पहिचान, संरक्षण तथा व्यावसायिक उपयोगका लागि राष्ट्रिय सूक्ष्मजीव बैंक स्थापना गर्न सकिन्छ। यसले स्वदेशी जैविक मल उद्योगको आधार निर्माण गर्न मद्दत पुऱ्याउनेछ।




*Ai Generated*

**चुनौतीहरू**

मल आयातमा बढ्दो निर्भरताले दीर्घकालीन रूपमा कृषि क्षेत्रलाई जोखिममा पार्न सक्छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य वृद्धि वा आपूर्ति अवरोध हुँदा यसको प्रत्यक्ष असर मधेशको उत्पादन प्रणालीमा पर्नेछ।

जलवायु परिवर्तन अर्को गम्भीर चुनौती हो। पछिल्ला वर्षहरूमा मधेशमा असामान्य गर्मी, अनियमित वर्षा, लामो खडेरी तथा आकस्मिक बाढीका घटना बढिरहेका छन्। यी समस्याले कृषि उत्पादनमा प्रत्यक्ष असर पारिरहेका छन्।

त्यसैगरी कृषि अनुसन्धानमा पर्याप्त लगानी नहुँदा दक्ष कृषि वैज्ञानिक तथा अनुसन्धानकर्मी विदेश पलायन हुने जोखिम बढ्दै गएको छ। यसको परिणामस्वरूप नेपाल अनुसन्धानभन्दा प्रविधि आयातमा निर्भर रहन बाध्य हुन सक्छ।

व्यावसायिक कृषिलाई केन्द्रमा राखेर बनाइएका कार्यक्रमहरूबाट साना तथा सीमान्त किसानहरू लाभान्वित नहुने सम्भावना पनि उत्तिकै छ। मधेशका अधिकांश किसान साना जोतधनी भएकाले उनीहरूको आवश्यकता सम्बोधन नगरेसम्म कृषि रूपान्तरणको लक्ष्य पूरा हुन कठिन हुनेछ।

**साना किसानका दृष्टिले अपुग पक्षहरू**

मधेशका अधिकांश किसानको प्रमुख समस्या उत्पादन होइन, उत्पादनको उचित मूल्य हो। बजेटले न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन, बजार सुनिश्चितता, कृषि उपज भण्डारण तथा प्रशोधन पूर्वाधारका विषयमा अपेक्षित स्पष्टता दिन सकेको छैन।

साना किसानका लागि प्रत्यक्ष आय सहायता, सहुलियतपूर्ण कृषि ऋण तथा किसान सामाजिक सुरक्षा कार्यक्रम पनि पर्याप्त रूपमा समेटिएका छैनन्।

विशेषगरी किसान आफैंले विकास गरेका स्थानीय प्रविधि, जैविक समाधान तथा सूक्ष्मजीवजन्य उत्पादनको परीक्षण, प्रमाणीकरण र व्यावसायीकरणका लागि कुनै स्पष्ट कार्यक्रम नदेखिनु अनुसन्धानमुखी कृषि विकासका लागि कमजोरी मान्न सकिन्छ।

**निष्कर्ष**


वैज्ञानिक दृष्टिकोणबाट मूल्याङ्कन गर्दा आर्थिक वर्ष २०८३/८४ को बजेटले कृषि उत्पादनलाई निरन्तरता दिने आधार अवश्य तयार गरेको छ। तर मधेशको कृषि प्रणालीलाई दीर्घकालीन रूपमा दिगो, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने अनुसन्धान तथा नवप्रवर्तनमुखी कार्यक्रमहरू पर्याप्त रूपमा समेटिएको देखिँदैन।

यदि नेपालले कृषि आयात घटाउने, माटोको स्वास्थ्य सुधार गर्ने तथा किसानको आय वृद्धि गर्ने लक्ष्य राखेको छ भने अबको प्राथमिकता केवल रासायनिक मल खरिद होइन, राष्ट्रिय जैविक मल अनुसन्धान कार्यक्रम, सूक्ष्मजीव बैंक, बायोफर्टिलाइजर प्रमाणीकरण प्रयोगशाला, माटो स्वास्थ्य अभियान तथा किसान-वैज्ञानिक सहकार्य कोष स्थापना हुनुपर्छ।

मधेशको कृषि भविष्य मलको गोदाममा होइन, माटोको स्वास्थ्य, सूक्ष्मजीवको शक्ति, अनुसन्धानको क्षमता र किसानको ज्ञानमा निर्भर छ। कृषि नीतिले यही यथार्थलाई आत्मसात् गर्न सके मात्र दिगो कृषि विकासको मार्ग प्रशस्त हुनेछ।

(लेखक मिसन नेपाली फर्टिलाइजर्स सँग सम्बद्ध हुनुहुन्छ)

# कम्युनिष्ट शक्तिहरूलाई एकताबद्ध बनाएर लैजानुपर्छः सहसंयोजक नेपाल



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकमा छरिएर रहेका कम्युनिष्ट शक्तिहरूलाई एकताबद्ध बनाएर लैजानुपर्ने बताउनुभएको छ ।

अखिल नेपाल महिला सङ्गठनको एकता राष्ट्रिय भेलाको शनिबारयहाँ उद्घाटन गर्दै उहाँले सामाजिक न्याय, समानता, आर्थिक समृद्धि र संविधानको प्रभावकारी कार्यान्वयनका लागि बलियो कम्युनिष्ट एकता आवश्यक रहेको बताउनुभयो ।

सहसंयोजक नेपालले नेपाली कम्युनिष्ट आन्दोलनको ऐतिहासिक पक्षबारे समीक्षा गर्दै सैद्धान्तिक मतभेद, व्यक्तिगत टकराव र सत्ता समीकरणका कारण बेलाबेलामा कम्युनिष्ट घटकहरूबीच विभाजन आउने गरेको उल्लेख गर्नुभयो। उहाँले देश र जनताको हितमा काम गर्न विगतका टुटफुटबाट पाठ सिक्दै एकताबद्ध हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सहसंयोजक नेपालले पार्टीको एकता महाधिवेशनअगावै वडादेखि प्रदेशसम्म तोकिएको समयमा सबै जनवर्गीय सङ्गठनलाई भेला तथा अधिवेशन सम्पन्न गर्न निर्देशनसमेत दिनुभयो ।

उहाँले सामाजिक रुपान्तरणका लागि महिला वर्गको सशक्तीकरण अपरिहार्य रहेको र त्यसमा पार्टी सङ्गठन क्रियाशील रहेको विचार व्यक्त गर्नुभयो ।

भेलाले केन्द्रीय समिति, सचिवालय, कार्यालय गठन गर्नुको साथै संयोजक र सहसंयोजक चयन गर्ने जनाइएको छ । रासस

# महिला अधिकारको प्रभावकारी कार्यान्वयनमा सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री शाह

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले महिला अधिकार, लैङ्गिक समानता र महिला सशक्तीकरणलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आठौँ राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा दिनुभएको शुभकामना सन्देशमा उहाँले नेपालको संविधानले महिलाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गर्दै राज्यका सबै निकायमा समानुपातिक तथा समावेशी प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताको प्रत्याभूति गरेको उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले बालविवाह, बोक्सी प्रथा, छाउपडी, दाइजो तथा तिलकलगायतका कुप्रथा तथा लैङ्गिक, घरेलु र डिजिटल हिंसाको अन्त्यका लागि कानुनी व्यवस्थासँगै सामाजिक चेतना अभिवृद्धि आवश्यक रहेको बताउनुभएको छ । महिला अधिकारको संरक्षण र प्रवर्द्धनका लागि राज्य, समुदाय तथा सरोकारवाला सबै पक्षको सक्रिय सहकार्य आवश्यक रहेकामा उहाँले जोड दिनुभएको छ ।

प्रधानमन्त्रीले आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि परेका महिलाको सशक्तीकरणमार्फत आत्मनिर्भर र समृद्ध समाज निर्माण गर्नुपर्नेमा जोड दिँदै महिलाविरुद्ध हुने




सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको सन्देशमा उल्लेख गर्नुभएको छ ।

यसै अवसरमा जारी गर्नुभएको शुभकामना सन्देशमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले महिला अधिकारको संरक्षण, लैङ्गिक समानता र सामाजिक रूपान्तरणका लागि राज्य, समुदाय तथा नागरिक समाजबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

सन्देशमा उहाँले संविधानले सुनिश्चित गरेका महिला अधिकारलाई व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन गर्न सबै पक्षको प्रतिबद्धता र सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्नुभएको छ । उहाँले महिला अधिकारको विषय केवल कानुनी व्यवस्था वा नीतिगत घोषणामा सीमित नभई सामाजिक व्यवहार, अवसरको समान पहुँच र सम्मानजनक सहभागितासँग जोडिएको विषय भएको बताउनुभएको छ ।

यस वर्ष राष्ट्रिय महिला अधिकार दिवस "महिला अधिकारको सम्मान : आत्मनिर्भरता र समृद्धिको अभियान" नाराका साथ मनाइँदैछ ।रासस

# ढुक्क हुनुस्, देश बनाउँछौँः महामन्त्री शाह



भरतपुर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री भूपदेव शाहले पार्टी नेतृत्वको सरकारले देश विकास गर्नेमा ढुक्क रहन आग्रह गर्नुभएको छ ।

चितवनको भरतपुरमा शनिबार आयोजित रास्वपा भरतपुर महानगर समितिको प्रथम अधिवेशन उद्घाटन गर्दै उहाँले चुनावी वाचापत्रअनुसार आगामी आर्थिक वर्षको बजेट ल्याएकाले जनतालाई गरेको वाचाअनुसार काम गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

महामन्त्री शाहले भन्नुभयो,"सरकारले पार्टीले तयार पारेको वाचापत्रलाई प्रतिबद्धता पत्रमा ढाल्यो, त्यसअनुसार बजेटको व्यवस्था गरिएको छ। अब त्यसलाई विकासमा ढाल्नका लागि अगाडि बढिरहेको छ । हामीले सफा नियतका साथ काम गरिएका छौँ । जनतासँग गरेका वाचा प्रूा गर्न पार्टी र सरकार प्रतिबद्ध छ ।"

उहाँले पार्टी राजीतिमा दुई किसिमका गुणको सङ्घर्ष हुने गरेको भन्दै पार्टी र देशलाई माया गर्ने गुणलाई साथमा लिएर हिँड्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीमा योगदान दिने र काम गरिरहने वर्गलाई नथाक्न आग्रह गर्दै महामन्त्री शाहले सबल पार्टीको माध्यममार्फत देश बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सबल पार्टी बनेमा कम्तीमा दुई/तीन दशक देशको नेतृत्व गर्ने दाबी गर्दै त्यसैले पार्टी बलियो बनाउने बेला आएको बताउनुभयो । महामन्त्री शाहले भन्नुभयो, "अहिले पार्टी निर्माण गर्ने बेला हो, यस अभियानमा योगदान दिनेलाई पार्टीले सोहीअनुसार अवसर दिन्छ। पार्टी महाधिवेशनमा होमिएको छ, चुस्त र बलियो सङ्गठन बनाउन सबैले मेहनत गरौँ ।" रासस

# महिलालाई सहभागी गराउने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छः उपराष्ट्रपति



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिलालाई आफ्ना अधिकारबारे सचेत बनाउँदै नेतृत्व, शिक्षा, उद्यमशीलता र सामाजिक योगदानमा सहभागी गराउने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

आठौँ राष्ट्रिय महिला अधिकार दिवस, २०८३ को अवसरमा शनिबार देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीमा हार्दिक बधाइसहित सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दै उहाँले सो आवशयकता औँल्याउनुभएको हो । उपराष्ट्रपति यादवले महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद र असमानताविरुद्ध सामूहिक आवाज उठाउने अवसरका रूपमा पनि यस दिवसलाई लिन सक्नुपर्ने उल्लेख गर्दै संविधानमा उल्लेखित लैङ्गिक समानताका प्रावधानलाई व्यवहारमा उतार्न तथा सामाजिक चेतना फैलाउन यो दिवसले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभएको छ ।

उपराष्ट्रपति यादवले भन्नुभएको छ, "महिला अधिकारको प्रत्याभूतिबिना समाजको समान विकास सम्भव छैन, शिक्षा, स्वास्थ्य, सीप विकास, आर्थिक स्वतन्त्रता, राजनीतिक सहभागिता, कानुनी सुधार र नेतृत्वमा महिलाको सम्मानजनक उपस्थिति सुनिश्चित गर्न सरकार, नागरिक समाज तथा सबै क्षेत्रबीच सहकार्य अपरिहार्य छ ।"

सम्पत्तिमा समान हक, स्थानीय तहमा महिलाको अनिवार्य प्रतिनिधित्व, राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिलाको सहभागिता तथा समानुपातिक प्रणालीमार्फत प्रतिनिधिसभामा एक तिहाइ महिलाको सुनिश्चितता, यी संवैधानिक व्यवस्थाले महिलाको अधिकारलाई संस्थागत बनाएको उपराष्ट्रपति यादवको भनाइ छ ।

महिला अधिकारका क्षेत्रमा भएका ऐतिहासिक उपलब्धिको सम्मानस्वरूप हरेक वर्ष जेठ १६ गते यो दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ । आमा वा बुबामध्ये एकको नामबाट सन्तानलाई नागरिकता प्राप्त गर्ने व्यवस्था, राज्यका सबै संरचनामा कम्तीमा एकतिहाइ महिलाको सहभागिता सुनिश्चित गर्ने संवैधानिक प्रावधान, विभेदकारी कानुनको खारेजी तथा महिलामाथि हुने हिंसा अन्त्य गर्ने प्रतिबद्धताजस्ता उपलब्धि दिवसका आधारस्तम्भ भएको उपराष्ट्रपति यादवले बताउनुभएको छ ।

दिवसले महिला अधिकारको संरक्षण र प्रवर्धनसँगै लैङ्गिक समानता, महिला सशक्तिकरण, न्याय र समावेशी समाज निर्माणको मार्गलाई थप सशक्त बनाउँदै अघि बढ्न उत्प्रेरित गर्ने उपराष्ट्रपति यादवको विश्वास छ । उहाँले भन्नुभएको छ, "राष्ट्रिय महिला अधिकार दिवसले हामीलाई लैङ्गिक समानता र महिला सशक्तीकरण समाजको समृद्धि तथा राष्ट्रको प्रगतिका लागि अनिवार्य शर्त हुन् भन्ने तथ्यलाई अंगिकार गर्न उत्प्रेरित गर्दछ, राष्ट्रिय महिला अधिकार दिवसले न्याय, समानता, समावेशिता र सशक्तीकरणका लक्ष्य प्राप्त गर्न सबैलाई एकजुट भई अघि बढ्न प्रेरणा प्रदान गरोस् भनी शुभकामना व्यक्त गर्दछु ।" रासस

# नागरिकको सर्वोच्चता कांग्रेसको पहिलो प्राथमिकता हो : सभापति थापा

पाटन । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिक सर्वोच्चता आफू नेतृत्वको पार्टीको पहिलो प्राथमिकता भएकाले जनताका पक्षमा निरन्तर वकालत गर्ने बताउनुभएको छ ।

कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा शनिबार आयोजित पार्टीको भातृ संस्था नेपाल थारु सङ्घको प्रथम महाधिवेशनमा उहाँले राष्ट्रको एकीकरण र राष्ट्रिय एकता कायम गर्ने सन्दर्भमा थारु समुदायको ठूलो योगदान महत्त्वपूर्ण भएको बताउनुभयो । थारु समुदायका नागरिकका लागि राज्यका निकायमा सहज पहुँच पुऱ्याउन आफू लागिपर्ने उहाँको भनाइ छ ।



"बिपी कोइरालाले थारु समुदायप्रतिको विश्वास र भरोसा गर्दै जिम्मेवारीमा प्रतिनिधित्व गराउनुभएको थियो । थारु सङ्घ पार्टीको भातृ संस्था हो, पार्टीको अभिन्न अङ्ग हो, सङ्घको यो अधिवेशनबाट निर्वाचित हुने नेतृत्वले पार्टीको नयाँ क्रियाशील सदस्यता अभिवृद्धिका लागि जोड दिनुपर्छ, थारु सङ्घको अबको नेतृत्वले संविधान संशोधनमा समेटिनुपर्छ", सभापति थापाले भन्नुभयो । कांग्रेसले नेपालको अर्थतन्त्रमा सुधार गर्नुपर्छ भनेर वकालत गरेको उल्लेख गर्दै उहाँले बजेटमा धेरै सुधारका कुराहरू समेटिएको भए पनि न्यून आय भएको समाजका वर्गप्रति बजेट मौन रहेको धारणा राख्नुभयो ।

पार्टीका महामन्त्री प्रदीप पौडेलले थारु समुदायले नेपालको सीमा रक्षा र आर्थिक विकासमा ठूलो योगदान गरेको स्मरण गर्दै संविधानमा प्राप्त भएको अधिकारलाई रक्षा गर्दै थारु समुदायलाई मूलधारमा स्थापित गर्न मिलेर जानुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

पार्टीका अर्का महामन्त्री गुरुराज घिमिरेले थारु जाति नेपालको मूलवासी भएको भन्दै थारु जातिको उत्थान राजनीतिक अधिकार स्थापित गराउनका लागि सबै एकताबद्ध लाग्नुपर्नेमा जोड दिँदै सबै पार्टी र जातजातिलाई एकताको सुत्रमा बाँध्ने भनेको कांग्रेस भएको दाबी गर्नुभयो ।

पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठले व्यक्तिवादी चिन्तनबाट अगाडि बढेर नेपालमा रहेका सम्भावनालाई पहिचान गर्दै समृद्धि, समुन्नति र राजनीतिक उपलब्धि हासिल गर्न लाग्नुपर्नेमा जोड दिनुभयो । कांग्रेसक सहमहामन्त्री योगेन्द्र चौधरीले नेपाल विविधता बोकेका नागरिकको देश भएको धारणा बताउँदै थारु समुदायको हकहितका साथै हरेक नेपालीलाई राजनीतिक, आर्थिक र सामाजिक अधिकारमा स्थापित गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो । प्रतिनिधिसभामा कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्दम्बेले हिमाल, पहाड र तराईका हरेक मानिसहरूको अपेक्षा र चासोलाई सम्बोधन गर्दै पहिचानको मुद्दा राज्यको हरेक तहमा स्थापित गर्न कांग्रेसले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

केन्द्रीय सदस्य गोपाल दहितले राष्ट्रिय जनसंख्याअनुसार देशभर ७ प्रतिशत जनसंख्या रहे पनि कांग्रेसभित्र तीन प्रतिशत मात्रै क्रियाशील सदस्य रहेको जानकारी गराउँदै थारु सङ्घले थारुहरूमाथिको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विभेद विरुद्ध आवाज उठाउँदै आएको बताउनुभयो ।

केन्द्रीय सदस्य जीवन रानाले भाषिक, सांस्कृतिक रूपमा सुन्दर इतिहास र पहिचान रहेको थारु समुदायको आर्थिक सामाजिक न्याय, राजनीतिक परिवर्तनका लागि खेलेको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो ।

पूर्वमन्त्री तेजुलाल चौधरीले संविधान घोषणा भएको ११ वर्ष पूरा हुँदा पार्टीले पर्याप्त रूपमा थारुलाई सरकारी सेवा, प्रदेश सरकारमा मन्त्रिपरिषद्मा, राजनीतिक नेतृत्वमा समेट्न नसकेको धारणा राख्नुभयो ।रासस

# 'निर्णय प्रक्रियामा महिलाको समान पहुँच सुनिश्चित गर्न सहकार्य अपरिहार्य'

काठमाण्डु । महिला, बालबालिका तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले लोकतन्त्र, सामाजिक न्याय, मानव अधिकार तथा राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेपाली महिलाले पुऱ्याएको योगदान गौरवपूर्ण रहेको बताउनुभएको छ ।

आठौँ राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले नेपालको संविधानले सुनिश्चित गरेका महिला अधिकार तिनै ऐतिहासिक सङ्घर्ष, त्याग र योगदानको उपलब्धि भएका बताउनुभयो ।

"आमाबुवाको नामबाट नागरिकता प्राप्त गर्ने, राज्यका सबै निकायमा कम्तीमा एकतिहाई महिला सहभागिता सुनिश्चित र विभेदकारी कानुनहरूको खारेजी तथा महिलाहरूमाथि हुने हिंसाको अन्त्य गर्ने ऐतिहासिक सङ्कल्प महिलाको अधिकार स्थापनाको आधार हो", मन्त्री बादीले भन्नुभयो ।

सरकारले महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलता, सामाजिक सुरक्षा



तथा जीविकोपार्जन सुधारका कार्यक्रम अघि बढाएको उहाँको भनाइ छ ।

"राज्यले अवलम्बन गरेका नीतिगत, कानुनी तथा संरचनागत सुधारका सकारात्मक परिणामस्वरूप आज राजनीतिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको छ", मन्त्री बादीले भन्नुभयो । उहाँले मौजुदा मन्त्रिपरिषद्मा महिला सहभागिता ३७.५ प्रतिशत पुगेको सुनाउनुभयो ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानसहित सम्मानित र मर्यादित जीवनयापन सुनिश्चित गर्ने गरी मन्त्रालयको नामसमेत समावेशी बनाइएको उहाँले स्पष्ट पार्नुभयो ।

"दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारुलगायत सीमान्तकृत तथा अति सीमान्तकृत समुदायको विषयमा पनि यस मन्त्रालयले नीति तथा कानुन निर्माणदेखि कार्यक्रम कार्यान्वयनसम्म प्रभावकारी समन्वय गरिरहेको छ", बादीले भन्नुभयो ।

महिलाको क्षमता, सीप, श्रम र सृजनशीलतालाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउन तथा निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिला अधिकारको सम्मान र सफल कार्यान्वयनविना मानवअधिकार सबल बन्न नसक्ने बताउनुभयो । "मानवअधिकार सुदृढ भएको समाज मात्रै महिला अधिकारको अवस्था सबल बन्न सक्दछ", उहाँले भन्नुभयो, "मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुदृढ गर्ने संवैधानिक दायित्व पूरा गर्न आयोग कटिबद्ध छ ।"

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले संवैधानिक तथा राजनीतिक रूपमा महिलाले प्राप्त अधिकारको कार्यान्वयनमा देखिएको समस्या अहिलेको प्रमुख चुनौती भएको बताउनुभयो ।

महिला मन्त्रालयका सचिव राधिका अर्यालले महिलाको जीवनमा अझै सकारात्मक परिवर्तनको अनुभूति ल्याउन थप प्रयास तथा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । "महिलाको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताको माध्यमबाट मात्रै लैङ्गिक समानताको लक्ष्यमा गुणात्मक उपलब्धि हासिल गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

विसं २०६३ जेठ १६ गते तत्कालीन पुनःस्थापित प्रतिनिधिसभाबाट महिलाको अधिकार सुनिश्चित गर्ने चार बुँदे प्रस्ताव पारित भएको दिनको स्मरण गर्दै हरेक वर्ष आजका दिन राष्ट्रिय महिला अधिकार दिवस मनाइँदै आइएको छ। यसवर्षका लागि 'समानता, सम्मान, आत्मनिर्भरता र समृद्धिको अभियान' नारा तय गरिएको थियो ।

कार्यक्रममा देशभरका महिला उद्यमीमध्येबाट उत्कृष्ट छनोट भएका महिला उद्यमीहरूलाई सम्मानसहित पुरस्कृत गरिएको थियो । रासस

# आगामी आर्थिक वर्षको बजेट उद्योगमैत्री हुनेछ : मुख्यमन्त्री बानियाँ

चितवन । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारले ल्याउने बजेट उद्योगमैत्री हुने बताउनुभएको छ ।



शनिबार यहाँ प्रिफ्याव प्यानल नेपाल उद्योगको अनुगमन निरीक्षणपछि पत्रकार हरूसँग कुराकानी गर्दै उहाँले प्रदेश सरकारले उद्योगीको हितमा बजेट ल्याउने तयारी गरेको बताउनुभएको हो । मुख्यमन्त्री बानियाँले भन्नुभयो, "व्यवसायीलाई प्रोत्साहन गर्ने गरी उद्योगमैत्री बजेट ल्याउने तयारी भइरहेको छ । प्रदेश सरकारले वातावरण तथा पर्यापर्यटनसँग जोडिएका उद्योगहरूलाई बैंकिङ ब्याजमा सहुलियत दिने नीतिअनुसार काम गरिरहेका छौँ । अन्य क्षेत्रको विकासको लागि पनि सोहीअनुसारको नीति अगाडि सार्छौं ।"

ऊर्जा क्षेत्रलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयसँगै त्यसलाई उत्पादनसँग जोड्ने गरी योजना ल्याउने उहाँको भनाइ थियो । निर्माण क्षेत्रमा आधुनिक, दिगो तथा वातावरणमैत्री प्रविधि भित्र्याउने उद्देश्यका साथ स्थापित प्रिफ्याव प्यानल नेपाल उद्योगले अत्याधुनिक स्मार्ट प्यानलसहित विभिन्न नयाँ निर्माण सामग्रीहरू उत्पादन गर्दै आएको छ । उद्योगका अध्यक्ष नारायण रेग्मीका अनुसार नेपाली बजारमा नेपालको उत्पादन पुऱ्याउन सक्ने गरी काम अघि बढाइएको छ ।

उद्योग स्थापित भएको छोटो समयमा नै उद्योगले आधुनिक निर्माण प्रविधिलाई देशभर विस्तार गर्न सफलता मिल्दै गएको बताउनुभयो । "अनुभवी र दक्ष कामदारबाट यस उद्योगले निर्माणकालागिआवश्यकप्यानलहरु उत्पादन गर्दै आएको छ ।रासस

# म्यान्माका राष्ट्रपति भारत भ्रमणमा

एएफपी

नयाँदिल्ली । म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ राष्ट्रपति बने पछि पहिलो पटक छिमेकी राष्ट्र भारतको भ्रमणका लागि शनिबार भारत आइपुगेको जनाइएको छ। भ्रमणमा उहाँले, प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट-वार्ता गर्ने कार्यक्रम रहेको जनाइएको छ।

भारत तथा म्यान्मा सरकारका अनुसार पूर्व सेना प्रमुख तथा म्यान्माका राष्ट्रपति ह्लाइङले आफ्नो पाँच दिने भ्रमणमा व्यापारिक प्रतिनिधिहरूसँग पनि भेट- वार्ता गर्ने कार्यक्रम रहेको जनाइएको छ।

भारतको विदेश मन्त्रालयले ह्लाइङलको भ्रमणको जानकारी उल्लेख गर्दै विज्ञप्ति जारी गरेको छ भने प्रवक्ता रणधीर जयस्वालले भारतको पूर्वी राज्य बिहारमा ह्लाइङलाइ स्वागत गरेको तस्वीरहरू सामाजिक सञ्जालमा पोस्ट गर्नु भएको छ।




राष्ट्रपति मिन आङ ह्लाइङले बौद्ध तीर्थ-स्थल बोधगयाको भ्रमण बाट आफ्नो यात्रा सुरु गर्ने जनाइएको छ। जहाँ भगवान गौतम बुद्धले बद्धत्व प्राप्त गर्नु भएको थियो । भ्रमणले बलियो आध्यात्मिक, ऐतिहासिक र जनता-जनताबीचको सम्बन्धलाई प्रतिबिम्बित गर्ने उल्लेख गर्दै जयस्वालले दुई देशहरू बीच चलिरहेको सहयोगलाई प्रतिबिम्बित गरेको बताउनु भएको छ।

उहाँले आगामी सोमबार नयाँदिल्लीमा प्रधानमन्त्री मोदी र राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको भारतको विदेश मन्त्रालयले जनाएको छ। भेटवार्तामा दुवै नेताहरुले दुइ मुलुक बीचको सम्बन्धलाई कसरी अझ बलियो बनाउने भन्ने बारे छलफल गर्ने जयस्वालले नयाँ दिल्लीमा आयोजित पत्रकारहरूसँगको साक्षातकारमा बताउनु भएको छ।

दुई देशले कसरी आफ्नो आर्थिक सम्बन्धलाई बलियो बनाउन सकिन्छ भन्ने बारेमा पनि छलफल गर्ने योजना तयार भएको जनाइएको छ । मिन आङ ह्लाइङले गत अप्रिलमा म्यानमारको राष्ट्रपतिको रूपमा शपथ लिनु भएको थियो भने संसदीय अधिकारीहरूका अनुसार उहाँको शपथ ग्रहण समारोहमा छिमेकी राष्ट्रहरू चीन, भारत र थाइल्यान्डका साथै अन्य २० देशका प्रतिनिधिहरू उपस्थित थिए।

# नेपाल चुक्यो, मलेसिया एसियाली खेलकुदमा छनोट




काठमाण्डु । नेपाललाई २ विकेटले हराउँदै मलेसिया एसियाली खेलकुदको महिला क्रिकेटमा छनोट भएको छ।

सेमिफाइनलमा हार भोगेको नेपालसँग अब तेस्रो स्थानको खेल जितेर छनोट हुने अन्तिम मौका मात्र बाँकी रहेको छ।

मलेसियाले १ सय २७ रनको लक्ष्य १८.४ ओभरमा ८ विकेट गुमाउँदै पूरा गर्यो। विनफ्रेड डुरासिगा डक आउट भए पनि आइना हमिजा र एल्सा हन्टरले दोस्रो विकेटको लागि ७० रनको साझेदारी गर्दै मलेसियाको जितलाई सहज बनाए।

७ .१ ओभरमा ७१ रन बनाएपछि आइना १८ रनमा रुबिना क्षेत्रीको बलमा आउट भइन्। बिष्फोटक ब्याटिङ गर्दै मलेसियाको जितमा उत्कृष्ट प्रदर्शन गरेकी एल्साले २४ बलमा १० चौका र १ छक्का सहित ४८ रन जोडिन्। उनी पनि रुबिनाको बलमा आउट भइन्। उनको पारी नै मलेसियाको जितको आधार बन्यो।

यसपछि मलेसियाले २ रन जोड्ने क्रमम ४ विकेट गुमाउँदा खेल रोमाञ्चक बन्यो। धनसुरी मुहुनान २१ रनमा, माहिरा इजाती १४ रनमा नुर अराइना रनको खाता नखोली र नुर दानिया २ रनमा आउट भए। १ सय १७ रन जोड्दा मलेसियाले ८ विकेट गुमायो। चार मध्ये तीन विकेट रिया शर्माले लिइन् । तर पनि नेपालले जित निकसल्न सकेन। वान जुलियाले अविजित ६ रन र नुर क्याल्साले अविजित २ रन बनाउँदा मलेसिया ८ बल अगाडि २ विकेटको जित निकाल्न सफल भयो।

बलिङमा रिया शर्माले सर्वाधिक ३ विकेट लिंदा मनिषा उपाध्याय र रूबिना क्षेत्रीले २/२ विकेट लिए।

त्यसअघि मलेसियाको वायुमास ओभल स्टेडियममा टस जितेर नेपालले पहिले ब्याटिङ रोज्यो। नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १ सय २६ रन बनायो।

नेपालले सुरूवात राम्रो गर्न सकेन । ओपनर सम्झना खड्का २ रनमा र सोनी पाख्रिन ६ रनमा आउट भए। २ विकेट गुमाउँदा नेपालले मात्र २४ रन बनाएको थियो।

लगत्तै उप कप्तान पूजा महतो १५ रन पबिलियन फर्किन्। पहिलो पावर प्लेको समाप्तिमा नेपालले २७ रन जोड्दा पजिलो क्रमका तीन खेलाडी गुमायो।

यसपछि रुबि पोद्दार र कप्तान इन्दु बर्माले तेस्रो विकेटको लागि ३१ रनको साझेदारी गरे। रूबि १७ रनमा आउट भइन्।

क्रिजमा छिरेकी अनुभवी सीता राना मगर ५ रनमा रिटायर्ड हर्ट भइन्। यसपछि कविता कुँवर र कप्तान इन्दु बर्माले नेपालको इनिङ्स सम्हाले । १८ ओभर सकिंदा नेपालले ९२ रन मात्र बनाएको थियो। यसपछि १९ औं ओभरको पहिलो पहिलो बलमा इन्दुले चौका प्रहार गरिन्। यसपछि चौथो र पाँचौं बलमा कविताले चौका र छैंटौं बलमा छक्का प्रहार गरिन्। यो ओभरमा नेपालले १९ रन जोड्यो।

अन्तिम ओभरमा पनि कविताले दुई चौका प्रहार गरिन्। अन्तिम बलमा भने आउट हुन पुगिन्। यी दुईले ५१ रनको साझेदारी गरे। बिष्फोटक ब्याटिङ गरेकी कविताले १५ बल खेल्दै ४ चौका र १ छक्का सहित ३३ रन बनाइन्। इन्दु अविजित ४६ रनमा रहिन्। उनले ४१ बल खेल्दै ५ चौका प्रहार गरिन्।

बलिङमा विनफ्रेड डुरासिगामले सर्वाधिक २ विकेट लिइन्। आइसा इलिसिया र माहिरा इजातीले समान १ विकेट लिए।

म ल े सि य ा स ँ ग ै अर्को सेमिफाइनल खेल जितेको थाइल्याण्ड जापानमा हुने २० औं संस्करणको एसियाली खेलकुदमा छनोट हुन सफल भएका छन्। अब नेपाल र चीनबीच हुने तेस्रो स्थानको खेल जित्ने टोली पनि एसियाली खेलकुदमस छनोट हुनेछ।

नेपालले समूह चरणमा चीन र इन्डोनेसियालाई हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो।रासस

# इजरायली आक्रमणले लेबनानमा राहत र उद्धार कार्य प्रभावित: संयुक्त राष्ट्रसङ्घ



सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । दक्षिणी लेबनानमा इजरायली सेनाले आक्रमण तीव्र बनाउँदै जाँदा आपत्कालीन उद्धार कार्य तथा राहत सामग्री वितरणमा गम्भीर अवरोध सिर्जना भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालयका अनुसार, बिहीबार दक्षिणी लेबनानको नाबाटिये क्षेत्रमा भएको आक्रमणले मार्जायौन जिल्लाको एक प्रमुख सडकमा क्षति पुर्‍याएको छ। उक्त सडक घाइतेहरूको उद्धार, राहतकर्मीहरूको आवतजावत तथा सर्वसाधारणलाई अत्यावश्यक वस्तु तथा सेवामा पहुँच पुर्‍याउन महत्वपूर्ण मानिन्छ।

स्थानीय स्रोतहरूका अनुसार, दक्षिणी क्षेत्रको माराकाह नगरपालिकामा भएको छुट्टाछुट्टै हवाई आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ। साथै, अल-बस प्यालेस्टिनी शरणार्थी शिविरमा तीन जनाको ज्यान गएको र करिब ३७ जना घाइते भएका छन्।

बारम्बार जारी गरिएका विस्थापन आदेशका कारण धेरै परिवारहरू घर छोड्न बाध्य भएका छन्। सुरक्षा अवस्था परिवर्तन भइरहँदा उनीहरू पुनः फर्किने र फेरि विस्थापित हुने अवस्था दोहोरिएको छ। टायर सहरका आश्रयस्थलहरू भरिइसकेको बताइएको छ भने धेरै विस्थापित परिवारहरू उत्तरतर्फ सर्न थालेका छन्।

संयुक्त राष्ट्रसङ्घले चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि आफ्ना साझेदार संस्थामार्फत देशभर जीवनरक्षक सहायता उपलब्ध गराइरहेको जनाएको छ। मार्च २ यता विश्व खाद्य कार्यक्रम र साझेदार संस्थाहरूले द्वन्द्व प्रभावित समुदायलाई एक करोड १० लाखभन्दा बढी तातो तथा चिसो भोजन वितरण गरेका छन्। साथै, शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय र साझेदारहरूले विस्थापित परिवारलाई एक लाख ७० हजारभन्दा बढी कम्बल र एक लाख ३० हजार गद्दा उपलब्ध गराएका छन्।

लेबनानका लागि संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक इमरान रिजाले देशभर बढ्दो हिंसा र विस्थापन आदेशका कारण समुदायहरूमा परेको असरप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले विस्थापन आदेश जारी भएका क्षेत्रबाट भाग्ने क्रममा सर्वसाधारण पनि हवाई आक्रमणको सिकार बनेको जानकारी प्राप्त भएको बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घका अनुसार, लेबनानी सरकारी तथ्याङ्कले मार्च २ यता कम्तीमा ३ हजार ३५५ जनाको मृत्यु भएको र १० हजार ९५ जना घाइते भएको देखाएको छ।

# अमेरिकी आक्रमणमा तीन जनाको मृत्यु



एएफपी

वासिङ्टन। अमेरिकी सेनाले पूर्वी प्रशान्त महासागरमा एउटा डुङ्गामा शुक्रबार आक्रमण गर्दा तीन जना लागु औषध तस्करको ज्यान लिएको अधिकारीहरूले बताएका छन्।

गएको हप्तामा भएको यो तेस्रो घातक आक्रमण हो भने ट्रम्प प्रशासनले सेप्टेम्बरमा आक्रमण सुरु गरे देखि मृत्यु हुनेहरूको सङ्ख्या कम्तिमा १९८ पुगेको एएफपिले जनाएको छ। सामाजिक सञ्जाल एक्सको पोस्टमा, युएस साउदर्न कमान्डले उक्त जहाज पूर्वी प्रशान्तमा नार्को-तस्करी अपरेसनमा संलग्न रहेको जनाएको छ।

सामाजिक सञ्जालमा पोष्ट गरिएको आक्रमणको भिडियो फुटेजमा खुला समुद्रमा बसिरहेको जहाज ठुलो विस्फोटले डुबाएको देखाइएको छ। अमेरिकी सेनाले सेप्टेम्बरको सुरुमा अपरेसन "साउदर्न स्पियर" सुरु गरेको हो भने राष्ट्रपति डोनाल्ड ट्रम्पले ल्याटिन अमेरिकाबाट सञ्चालित लागु औषध तस्करहरूसँग अमेरिका कडा युद्धमा रहेको बताउनुभएको छ।

कानुनी विज्ञहरू तथा अधिकार समूहहरूले स्पष्ट रूपमा अमेरिकाका लागि तत्काल खतरा पैदा नगर्ने नागरिकहरूलाई लक्षित अमेरिकी आक्रमणहरु गैरन्यायिक हत्याको कारण हुने बताएका छन्।

# अनलाइन माध्यम सुरक्षित बनाउन कडा नियम आवश्यक : संयुक्त राष्ट्रसङ्घ



सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ। संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालयले बालबालिकाको अनलाइन सुरक्षासम्बन्धी नयाँ निर्देशिका सार्वजनिक गरेको छ। संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले सरकार तथा प्रविधि कम्पनीहरूलाई बालबालिकाका लागि अनलाइन माध्यमलाई अझ सुरक्षित बनाउन प्रभावकारी नियम, निगरानी तथा जवाफदेहिताको व्यवस्था गर्न आग्रह गर्नुभएको छ।

उहाँले डिजिटल संसारले बालबालिकालाई शिक्षा, सिर्जनशीलता तथा सामाजिक सम्बन्ध विस्तारका अवसर प्रदान गरे पनि उनीहरूको सुरक्षा, गोपनीयता तथा मानसिक स्वास्थ्यमा विभिन्न जोखिम उत्पन्न गरिरहेको बताउनुभयो।

उहाँका अनुसार अनलाइनमा देखिएका जोखिम स्वाभाविक नभई प्रविधि कम्पनीहरूको डिजाइन तथा व्यावसायिक अभ्यासका कारण बढिरहेका छन्। अनन्त स्क्रोल, स्वतः चल्ने भिडियो तथा निरन्तर सूचनाजस्ता सुविधाले बालबालिकामा अनलाइन प्रयोगको निर्भरता बढाउने गरेको उहाँले बताउनुभयो।

उच्चायुक्त टर्कले सामाजिक सञ्जालमाथिको पूर्ण प्रतिबन्ध मात्र पर्याप्त समाधान नभएको स्पष्ट पार्दै अनलाइन प्लेटफर्महरूलाई नै सुरक्षित बनाउने दिशामा व्यापक पहल आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले डेटा सुरक्षा सुनिश्चित गर्न, हानिका जिम्मेवार पक्षलाई कानुनी जवाफदेहितामा ल्याउन तथा बालअधिकारको पूर्ण सम्मान गर्नुपर्नेमा जोड दिनुभयो।

निर्देशिकामा उमेर प्रमाणीकरण प्रक्रियामा सुरक्षा मापदण्ड अपनाउने, बालअधिकार प्रभाव मूल्यांकन अनिवार्य गर्ने तथा नियम निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने सुझाव दिइएको छ।

साथै कम्पनीहरूको पारदर्शिता, निगरानी तथा जवाफदेहिता अझ सुदृढ बनाउनुपर्ने उल्लेख गरिएको छ।

उहाँले गलत तरिकाले गरिने उमेर प्रमाणीकरण प्रक्रियाले बालबालिका तथा वयस्क दुवैको गोपनीयता प्रभावित हुन सक्ने चेतावनी दिनुभएको छ। साथै सामाजिक सञ्जालमाथिको प्रतिबन्ध सजिलै छल्न सकिने भएकाले त्यसले बालबालिकालाई अझ जोखिमपूर्ण तथा कम निगरानी भएका प्लेटफर्मतर्फ जान प्रेरित गर्न सक्ने चिन्ता पनि व्यक्त गर्नुभएको छ।

# इजरायलद्वारा लेबनानमा नयाँ निकासी आदेश जारी

एएफपी

बेरुत । इजरायली सेनाले शनिबार दक्षिणी लेबनानका सात वटा गाउँका बासिन्दाहरूको लागि नयाँ निकासी आदेश जारी गरेको प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बताउनु भएको छ।

पछिल्लो चेतावनी दुई देशका सैन्य प्रतिनिधिमण्डलहरूले वासिङ्टनमा ऐतिहासिक सुरक्षा वार्ता गरेको एक दिन पछि आएको हो। इजरायलले दक्षिण लेबनानमा निरन्तर आक्रमण जारी राखेको छ भने राष्ट्रपति जोसेफ आउनले अमेरिकी विदेश मन्त्री मार्को रुबियोसँगको फोनवार्तामा युद्धविरामका लागि सबै प्रयासहरू गर्न आवश्यक रहेको कुरामा जोड दिनु भएको छ।

इजरायल र तेहरान समर्थित हेजबुल्लाह बीचको लडाइँ रोक्नको लागि आधिकारिक रूपमा अप्रिल -१७ देखि लागू भएको युद्धविरामको बावजुत आक्रमण जारी रहेको छ। इजरायल र हेजबुल्लाह दुवैले एक अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउदै आएका छन्।



शनिबारका लागि जारी गरिएको इजरायली सेनाको निकासी आदेशमा नबातीह नजिकैका केही गाउँहरू समावेश रहेको जनाइएको छ भने, हेजबुल्लाहले उत्तरी इजरायली सहर किर्यात शमोनामा रकेट प्रहार गरेको बताएको छ।

हेजबुल्लाहले दक्षिणी लेबनानको घन्डोरीयेह नजिकैका इजरायली सैनिकहरू माथि आक्रमण गरी उनीहरूलाई पछि हट्न बाध्य पारेको र उत्तरी इजरायलको सैन्य आधारमा रकेट प्रहार गरेको बताएको छ। शुक्रबार, हेजबुल्लाहले उत्तरी इजरायलमा आक्रमण गरेको बताएको थियो भने इजरायली सेनाले लेबनानबाट आएका धेरै प्रोजेक्टाइलहरू रोकेको पुष्टि गरेको थियो। जसमध्ये एउटा किर्यात समोना नजिकै प्रहार भएको थियो।

हेजबुल्लाहले मध्ययुगीन ब्युफोर्ट किल्ला नजिकै अगाडि बढ्न खोज्ने इजरायली सेना माथि आक्रमण गरेको पनि बताएको छ। इजरायली सेना लेबनान-इजरायल सीमाबाट करिब ३० किलोमिटर उत्तरबाट अगाडि बढेको बताइएको छ।

इजरायल र लेबनानले अप्रिलमा प्रत्यक्ष वार्ता सुरु गरेका थिए भने पेन्टागनमा शुक्रबारको बैठक पछि वाशिंगटनमा अर्को हप्ता चौथो चरणको वार्ता हुने अपेक्षा गरिएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी सहर टायरमा शुक्रबार भएको इजरायली आक्रमणमा ११ जनाको मृत्यु भएको छ।

मार्चको सुरुमा अमेरिका-इजरायली आक्रमणमा इरानका सर्वोच्च नेताको मृत्युको बदलामा इजरायलमा रकेट प्रहार गरे पछि लेबनान क्षेत्रीय युद्धमा तानिएको थियो। हेजबुल्लाहले अमेरिकी प्रतिनिधिहरूसँग वार्ताको कडा विरोध गर्दै निशस्त्रीकरण गर्न अस्वीकार गरेको छ।

शुक्रबार लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिणमा २० वटा भन्दा बढी स्थानमा इजरायली हवाई आक्रमण भएको रिपोर्ट गरेको छ। सयौं मानिसहरू तथा पर्यटकहरु पुरानो सहर टायरमा भागेका छन्, जुन हालैको इजरायली सेनाको निकासी आदेशमा समावेश गरिएको छैन।

आश्रयहरू भरिएका कारण विस्थापित बासिन्दाहरू कार वा शिविरमा सुतिरहेको एएफपीले जनाएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणले मार्च -२ देखि कम्तिमा तीन हजार ३५५ जना व्यक्तिको ज्यान लिएको छ।

# लाओसको गुफामा फसेका थप चारको उद्धार : उद्धारकर्ता



एएफपी

भिएन्टियन । लाओसको एउटा गुफामा दश दिन देखि फसेका थप चार जनालाई उद्धार गरिएको उद्धारकर्ताहरूले बताएका छन्। एक दिन अघि उनीहरुलाई सतहमा ल्याइएको जनाउदै अझै दुई जना बेपत्ता रहेको जनाइएको छ।

सतहको पानीलाई पम्प गरेर तिनीहरूलाई बाहिर निकाल्न सक्षम भएको उद्धारकर्ताहरुले बताएका छन्। थाइल्यान्ड रेसकिउ डाइभर फेसबुक पोष्टमा शनिबार करिब दिउँसो ३:१० बजे उद्धार अधिकारीहरूले थप चार जना मानिसहरूलाई बाहिर निकाल्न सफल भएको जनाइएको छ। हाल सम्म पाँच जनालाई उद्धार गरिएको उल्लेख गर्दै दुई जना अझै बेपत्ता रहेको जनाइएको छ।

गत मे -२० देखि मध्य जेसोम्बौन प्रान्तको दुर्गम पाहाडी क्षेत्रको गुफामा सुनको खोजी गर्दै गरेका सात जना मानिसहरू आकस्मिक बाढीका कारण फसेको सरकारी मिडियाहरुले रिपोर्ट गरेका छन्।

गुफाको सतहबाट करिब ३०० मिटर टाढाको साँघुरो स्थानमा जम्मा भएका पाँच जना मानिसहरू बुधबार जीवित फेला पारी उद्धार गरिएको जनाइएको छ। उद्धारकर्ताहरूले शुक्रबार माटोले पुरिएका मानिसलाई सुरक्षित स्थानमा लगिएको जनाएका छन्।

भारी वर्षाले आकस्मिक बाढी निम्त्याए पछि गुफाको निकास अवरुद्ध हुँदा उनीहरु गुफामै फसेको जनाइएको छ।

# अफगानिस्तानको जलालाबादमा ट्रक दुर्घटना, १८ जनाको मृत्यु

एएफपी

जलालाबाद। पूर्वी अफगानिस्तानमा शनिबार एउटा ट्रक पल्टिर दुर्घटना हुदाँ ट्रकमा सवार १० जना बालबालिका सहित १८ जनाको मृत्यु भएको प्रान्तीय अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ।

लगमान प्रान्तका गभर्नरका प्रवक्ता अब्दुल मलिक नियाजयका अनुसार ट्रकमा पाकिस्तानबाट फर्केका अफगान परिवारहरू सवार थिए । दश जना बालबालिका, पाँच जना महिला र तीन जना पुरुषसहित १८ जनाको मृत्यु भएको पुष्टि गर्दै थप, २९ जना घाइते भएको प्रवक्ताले बताउनु भएको छ।



पूर्वी अफगानिस्तानको जलालाबाद र राजधानी काबुल बीचको सडकमा ट्रक दुर्घटना भएको जानाइएको छ। पाकिस्तानका अधिकारीहरूले आफ्नो देशमा अफगान आप्रवासी र शरणार्थीहरूमाथि कडा नियम लागु गरेसँगै धेरै अफगानहरु आफ्नो सामान लिएर ट्रकमा स्वदेश फर्किने क्रम बढेको जनाइएको छ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त र आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनको तथ्याङ्क अनुसार यस वर्षको सुरु देखि चार लाख ४७ हजार ४०० अफगानीहरू पाकिस्तानबाट स्वदेश फर्केका छन्।

यस अघि अगस्टमा, पश्चिमी अफगानिस्तानमा इरानबाट फर्केका अफगान आप्रवासीहरू बोकेको बस र अन्य दुई सवारी साधनहरू बिचको टक्करमा १९ बालबालिका सहित ७८ जनाको मृत्यु भएको थियो।

# आर्थिक रुपान्तरणको मुख्य आधार ऊर्जा र सिँचाइलाई बजेटमा उच्च प्राथमिकता

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरेकामा सरोकार भएकाले खुसी व्यक्त गरेका छन् ।

बजेटमा ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा स्थापित गर्दै संरचनात्मक सुधार, पूर्वाधार विस्तार, निजी क्षेत्रको सहभागिता तथा हरित ऊर्जामा आधारित औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको छ ।

यस्तै, उत्पादन वृद्धिका साथ ऊर्जा व्यापार, प्रसारण सञ्जाल, वित्तीय संरचना र नियामकीय सुधारलाई एकैसाथ अघि बढाउने प्रयास गरेको छ ।

सरकारले बजेटमार्फत ऊर्जा क्षेत्रलाई रणनीतिक महत्व दिँदै उत्पादनदेखि व्यापारसम्म निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिइएको छ । पूर्वऊर्जा सचिव मधुप्रसाद भेटुवालका अनुसार समग्रमा बजेटले ऊर्जा क्षेत्रको समग्र विकासका लागि नयाँ सोचका साथ काम गर्न खोजेको छ ।

तोकिएका समयमा आयोजना नबन्ने अवस्थाको अन्त्यका लागि लिएको पहल तथा निजी क्षेत्रलाई थप सबल बनाउन राखेको लक्ष्य आफैँमा नयाँ र महत्वपूर्ण रहेको पूर्वसचिव भेटुवालको टिप्पणी छ । यस्तै, केही कार्यक्रम विगतदेखिकै निरन्तरताका रुपमा अगाडि बढाइएको छ ।

नेपाल विद्युत् प्राधिकरणको खण्डीकरणको विषय नियमित जस्तै बजेटमा समेटिँदै आएको छ । विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश गराउने विषय बजेटमा समेटिएको छ । आयोजना निर्माणका लागि विभिन्न 'फण्ड' खडा गर्ने तथा १० मेगावाटसम्मका आयोजनाको तत्काल विद्युत् खरिद सम्झौता गर्नेजस्ता कार्यक्रम महत्वपूर्ण रहेको पूर्वसचिव भेटुवालले बताउनुभयो ।

बजेटमार्फत आयोजना जिम्मा लिने तर निर्माण नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खोजिएको छ । पूर्वसचिव भेटुवालले राजस्वको स्रोतको विविधीकरण गर्न ५० युनिटभन्दा बढी विद्युत् खपत गर्नेलाई केही कर थप भएको हुनसक्ने टिप्पणी गर्नुभयो ।

ऊर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधारका लागि सरकारले रु ८५ अर्ब ५४ करोड विनियोजन गरेको छ । यसमध्ये निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्नमात्रै रु ७० अर्ब उपलब्ध गराइएको छ ।

हेटौँडा-ढल्केवर-इनरुवा ४०० केभी प्रसारण लाइन चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ । नयाँ खिम्ती-बाह्रबीसे-काठमाडौँ तथा हेटौँडा-रातमाटे-लप्सीफेदी-न्यू दमौली-न्यू बुटवल ४०० केभी प्रसारण लाइन निर्माणलाई तीव्रता दिने लक्ष्य राखेको छ ।

अन्तरदेशीय विद्युत् व्यापार विस्तारका लागि बुटवल-गोरखपुर र इनरुवा-पूर्णिया प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखिएको छ । ढल्केवर-मुजफ्फरपुर-सीतामढी, लम्की-दोदोधरा-बरेली,



लमही-लखनउ, निजगढ-मोतिहारी तथा चिलिमे हब-केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने लक्ष्य बजेटको छ । ती प्रसारण लाइन निर्माण सम्पन्न गरेर नेपाललाई दक्षिण एशियाली क्षेत्रीय ऊर्जा बजारसँग जोड्ने दीर्घकालीन रणनीतिक सङ्केत दिएको छ ।

सरकारले कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणका अलावा राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरण गर्ने घोषणा गरेको छ ।

सरकारले राहुघाट जलविद्युत् आयोजना यसैवर्ष सम्पन्न गर्ने तथा तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी, माथिल्लो त्रिशूली-३ बी र बूढीगङ्गा आयोजनालाई तीव्रता दिने भएको छ । साथै, माथिल्लो अरुण, उत्तरगङ्गा, चैनपुर सेती, तामाकोशी-५ र घुन्सा खोला आयोजनाको वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया अघि बढाइने भएको छ ।

नलगाड, अरुण-४ र नौमुरे आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाइने छ । कर्मचारी सञ्चय कोषको लगानीमा निर्माण हुने बेथान कर्णाली आयोजनालाई अघि बढाउने योजना छ ।

चर्चामा मात्रै सीमित रहेको एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त आयोजना अधिकार सम्पन्न प्राधिकरण मोडलमा निर्माण गर्ने कार्यक्रमलाई महत्वका साथ समावेश गरिएको छ ।

यसैगरी, ६७० मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनाको ' फाइनान्सियल क्लोजर' गरी निर्माण प्रक्रिया सुरु गर्ने घोषणा बजेटले गरेको छ ।

विद्युत् खरिद सम्झौता (पिपीए) गरेर बसेका तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी 'टेक अर पे' ढाँचामा नयाँ पिपीए गर्ने नीति लिइएको छ ।

साथै १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको तत्काल पिपीए गर्ने तथा सुक्खायाममा प्रतिस्पर्धात्मक विद्युत् खरिददर निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

निजी क्षेत्रलाई अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न दिने तथा निजी लगानीमै प्रसारण लाइन निर्माण गरी प्रसारण शुल्क लिएर विद्युत् व्यापार गर्नसक्ने कानुनी व्यवस्थाको घोषणा बजेटले गरेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)का उपाध्यक्ष उत्तम भ्लोन लामाका अनुसार सरकारको निर्णय सकारात्मक भएको प्रतिक्रिया राससलाई दिनुभयो । उहाँले नयाँ पिपिएका बारेमा पनि बजेटले केही बोलिदिएको भए थप राम्रो हुने धारणा राख्नुभयो । उहाँले आन्तरिक बिजुली खपतमा जोड दिनुभयो ।

ऊर्जा क्षेत्रलाई हरित औद्योगिकीकरणसँग जोड्दै सरकारले हेटौँडामा दुई दशमलव पाँच मेगावाटको 'ग्रीन हाइड्रोजन प्लान्ट पाइलट' परियोजनाका रूपमा अघि बढाउने घोषणा गरेको छ । काठमाडौँ उपत्यकामा १०० मेगावाटको ' ब्याट्री इनर्जी स्टोरेज' प्रणाली सुरु गर्ने योजना अगाडि सारिएको छ । यो नयाँ योजना हो ।

स्वच्छ ऊर्जामा आधारित उद्योग प्रवर्द्धन, इलेक्ट्रिक सवारीसाधन उत्पादन, चार्जिङ स्टेशन विस्तार तथा 'ब्याट्री' व्यवस्थापनका लागि कर तथा पूर्वाधार प्रोत्साहनको नीति बजेटमा समेटिएको छ ।

निजी क्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक करिडोरमा स्वच्छ ऊर्जामा आधारित प्रविधिको प्रयोग गरी 'ट्रिटमेन्ट प्लान्ट'सहितको ढल व्यवस्थापन गरिनेछ ।

सरकारले जलविद्युत् आयोजना हस्तान्तरण हुँदा वनको जग्गा भोगाधिकार तथा रुख कटानबापतको शुल्क समायोजन गर्ने व्यवस्था गरेको छ । आगामी आर्थिक वर्षमा ६७० मेगावाट जलविद्युत् र ३७० मेगावाट सौर्य ऊर्जा राष्ट्रिय प्रणालीमा थपिने लक्ष्य लिएको छ । यससँगै नेपालको कुल जडित विद्युत् क्षमता पाँच हजार ५३५ मेगावाट पुग्ने सरकारको अनुमान छ ।

बजेट वक्तव्यअनुसार आगामी आवको बजेटमार्फत सिँचाइ तथा नदी नियन्त्रण क्षेत्रमा ठूलो लगानी विस्तार गरिनेछ । बजेटले परम्परागत सिँचाइ पूर्वाधारको पुनःस्थापनासँगै बहुउद्देश्यीय आयोजना, भूमिगत सिँचाइ, लिफ्ट सिँचाइ तथा नदी व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाइनेछ ।

आगामी आवमा थप १५ हजार ८०० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य छ । यससँगै देशभर सिञ्चित खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ । नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास्ने योजना बजेटमा समावेश गरिएको छ । बबई सिँचाइ आयोजनाअन्तर्गत आगामी वर्ष थप एक हजार ६६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार हुनेछ ।

आगामी आवमा राजापुर सिँचाइ आयोजनाको पुनःस्थापना तथा भेरी-बबई डाइभर्सन आयोजनाको हेडबर्क्स निर्माण सम्पन्न गर्ने लक्ष्य छ । यी आयोजनाका लागि रु पाँच अर्ब ६३ करोड विनियोजन गरिएको छ ।

सिक्टा सिँचाइ आयोजनाअन्तर्गत बाँकेको पूर्वी तथा पश्चिमी क्षेत्रमा थप पाँच हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ । सुनकोशी-मरिन डाइभर्सन आयोजनाको बाँध तथा विद्युत्गृह निर्माण पुनःठेक्का प्रक्रियामार्फत अघि बढाइने भएको छ । चार वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्यसहित रु दुई अर्ब ९८ करोड छुट्याएको छ ।

सुनकोशी-मरिन आयोजनाबाट प्राप्त अतिरिक्त पानीलाई उपयोग गर्दै बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषामा एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने योजना पनि बजेटमा समेटिएको छ । यसका लागि रु ५३ करोड बजेट छ ।

महाकाली सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र विस्तार गर्ने तथा रानी-जमरा-कुलरिया आयोजनाको लम्की खण्डमा पूर्वाधार विकासलाई तीव्रता दिइने भएको छ । यी आयोजनाका लागि रु पाँच अर्ब १३ करोड उपलब्ध गराइने छ । बृहत् दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना-बड्कापथ सिँचाइ आयोजनामार्फत थप दुई हजार ३८० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्न रु एक अर्ब २१ करोड बजेट छुट्याइएको छ ।

सरकारले नौमुरे बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट कपिलवस्तु क्षेत्रमा सिँचाइ विस्तार गर्ने उद्देश्यसहित आवश्यक पूर्वतयारी कार्य सम्पन्न गर्ने जनाएको छ । वाणगङ्गा तथा नारायणी सिँचाइ आयोजनाको पुनःस्थापना र मर्मतसम्भारका लागि बजेट विनियोजन गरिएको छ ।

सुनसरी-मोरङ, चन्द्र नहर, कमला, नारायणी, गण्डक तथा कोशी पम्पजस्ता पुराना सिँचाइ प्रणालीको पुनःस्थापना तथा मर्मतका लागि रु ४४ करोड विनियोजन गरिएको छ । विगतमा निर्माण भएका तर जीर्ण बनेका प्रणालीलाई पुनःप्रभावकारी बनाउनेतर्फ सरकारले ध्यान दिएको छ ।

तराई-मधेसमा सतह सिँचाइको पहुँच नपुगेका थप तीन हजार ९८० हेक्टर खेतीयोग्य जमिनमा भूमिगत सिँचाइ सुविधा विस्तार गर्न रु अर्ब ८३ करोड विनियोजन गरिएको छ । सर्लाही र धनुषामा 'स्मार्ट' प्रविधिमा आधारित भूमिगत सिँचाइ प्रणाली विस्तार गर्ने योजना पनि अघि सारिएको छ ।

पहाडी तथा हिमाली क्षेत्रमा लिफ्ट सिँचाइलाई प्राथमिकतामा राख्दै सरकारले रु ८० करोड विनियोजन गरेको छ । आगामी वर्ष पहाडी टार क्षेत्रमा दुई हजार २३० हेक्टर जमिनमा थप लिफ्ट सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य छ । महाकाली, कर्णाली, नारायणी र कोशीजस्ता ठूला नदीको व्यवस्थापनका लागि पनि बजेट विनियोजन गरिएको छ । रासस

## पेट्रोलियम उत्पादनका लागि सम्झौताको गृहकार्य

काठमाण्डु । खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य गरेको छ ।

विभागले व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबीच थप सम्झौताका लागि आन्तरिक तयारी गरेको हो ।

पेट्रोलियम पदार्थको आन्तरिक उत्पादनका लागि चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पहिलो चरणको 'ड्रिलिङ', अन्वेषण कार्यलगायत सकिएको जनाएको छ । पेट्रोलियम पदार्थको ड्रिलिङ र अन्वेषण कार्यहरू सम्पन्न गरेको विभागले व्यावसायिक उत्पादन सुरु गर्न उक्त सम्झौताका लागि विभागले आवश्यक सहयोग प्राप्त गर्न सरकारसँग समन्वय गरेको हो ।

विभागले चीनको प्राविधिक टोलीसँगको सहकार्यमा हालै सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र




जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरेको पेट्रोलियम अन्वेषण परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काले जानकारी दिनुभयो ।

पेट्रोलियम पदार्थ उत्पादन तथा भण्डारण परिमाणको अध्ययनका लागि गरिएको नमूना परीक्षणले समेत पेट्रोल र प्राकृतिक ग्यासको सम्भावनालाई पुष्टि गरेको जनाइएको छ ।

परियोजनाको सफल कार्यान्वयन हुन सके पेट्रोल र प्राकृतिक ग्यासको आयातमा खर्च भइरहेको ठूलो रकम कटौती गर्न सकिने बताइएको छ । यसले आयात प्रतिस्थापनका साथै मुलुकको आर्थिक विकासमा सहयोग पुग्ने छ ।रासस

## पशुपालक महिलाको अन्तरराष्ट्रिय सम्मेलनः

# दिगो चरनभूमि व्यवस्थापनका लागि नयाँ कार्ययोजना तय

काठमाण्डु । चरन तथा पशुपालनमा संलग्न महिलाको अन्तरराष्ट्रिय सम्मेलनले दिगो चरनभूमि व्यवस्थापनका लागि नयाँ विश्वव्यापी 'एजेन्डा' र कार्ययोजना तय गरेको छ ।

यही जेठ १२ देखि १५ गतेसम्म काठमाडौँमा भएको सम्मेलनले यसका साथै एकजुट भएर अधिकार संरक्षण, जलवायु परिवर्तनसँग जुध्ने क्षमता अभिवृद्धि गर्नेलगायत विषयमा कार्ययोजना तय गरेको छ । यो पहल अन्तरराष्ट्रिय चरनभूमि तथा पशुपालक वर्ष २०२६ को महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ ।

'ग्लोबल ग्यादरिङ अफ पास्टोरालिस्ट वुमेन' विषयक सम्मेलनमा विभिन्न ४० देशका १०० बढी पशुपालक तथा खुला चरन क्षेत्रमा गरिने पशुपालन (र्‍यान्च) सञ्चालन गर्ने महिलाको सहभागिता थियो । सम्मेलनले विश्वव्यापी पशुपालक महिला सञ्जाल गठन, साझा एजेन्डा तथा कार्यका लागि 'काठमाडौँ घोषणा पत्र' (मेरा+१६) को मस्यौदा तयार र विश्वव्यापी नीतिगत मञ्चहरूमा साझा रणनीति तय गरेको छ ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र आइवाइआरपी कार्यसमूहको ' पास्टोरालिज्म एन्ड जेन्डर' समूहद्वारा संयुक्त रूपमा आयोजित सम्मेलनको उद्देश्य उनीहरूको नेतृत्वलाई सम्मान गर्नु, अनुभव र ज्ञान साटासाट गर्नु तथा पशुपालन, चरनभूमि र जलवायु न्यायका विषयमा विश्वव्यापी सहकार्यलाई बलियो बनाउनु रहेको थियो ।

सम्मेलनको मुख्य विषय 'मेरा घोषणापत्र'लाई पुनः समीक्षा गर्नु रहेको थियो । यो घोषणापत्र सन् २०१० मा भारतको 'मेरा' क्षेत्रमा आयोजित विश्व भेलामा पशुपालक महिलाहरूले तयार



पारेको महत्वपूर्ण राजनीतिक दस्तावेज हो ।

घोषणापत्रको मस्यौदामा भूमि तथा प्राकृतिक स्रोतमा अधिकार, राजनीतिक सहभागिता, आधारभूत सेवामा पहुँच, परम्परागत ज्ञानको मान्यता तथा जलवायु न्यायलाई साझा प्राथमिकताका रूपमा समेटिएको छ ।

समापन अवसरमा इसिमोडका चरनभूमिसम्बन्धी व्यवस्थापक यी शाओलियाङले पशुपालक महिला चरनभूमि र जैविक विविधताका महत्वपूर्ण संरक्षक भएको बताउनुभयो । साथै उहाँले विशेषगरी संवेदनशील पहाडी तथा सुक्खा क्षेत्रमा उनीहरूको नेतृत्व दिगो भू-दृश्य र जलवायु अनुकूलनका लागि अत्यन्त आवश्यक हुने उल्लेख गर्नुभयो ।

यसैगरी, इसिमोडकै इकोसिस्टम विशेषज्ञ सृजना जोशी रिजालले यस क्षणलाई ऐतिहासिक भन्दै यो पशुपालक महिलाका लागि ऐतिहासिक क्षण भएको उल्लेख गनुभयो । उहाँले भन्नुभयो, "उनीहरू हाम्रो ग्रहका संरक्षक हुन् । विभिन्न क्षेत्रका महिलाहरू एकजुट भएर वर्तमान र भावी पुस्ताको साझा भविष्य सुरक्षित गर्न तथा आफ्नो आवाज विश्वव्यापी मञ्चसम्म पुऱ्याउन प्रतिबद्ध भएका छन् ।"

आइवाइआरपी कार्यसमूहको ' पास्टोरालिज्म एन्ड जेन्डर' सह-अध्यक्ष नित्या घोटगेले यो निर्णायक क्षण भएको बताउँदै विश्वभरका पशुपालक महिलाहरू आफ्ना सन्तान र समुदायको भविष्य निर्माण गर्न एक ठाउँमा भेला भएका उल्लेख गर्नुभयो ।

नवनिर्मित विश्वव्यापी सञ्जालले विभिन्न क्षेत्रबीच ज्ञान आदानप्रदान, आपसी सहयोग तथा संयुक्त वकालतलाई निरन्तरता दिनेछ । यसले स्थानीय तहदेखि विश्वव्यापी नीतिसम्म पशुपालक समुदायको आवाज पुऱ्याउन सहयोग गर्ने बताइएको छ ।

सोही अवसरमा चीनको भित्री मङ्गोलियाबाट सहभागी सिकीन्किमुगेले भन्नुभयो, "यस कार्यक्रममा सहभागी हुन पाउँदा म गौरवान्वित महसुस गरिरहेकी छु र अब विश्वव्यापी पशुपालक महिला सञ्जाल बन्ने कुरा सुनेर उत्साहित छु ।"

विश्वव्यापी रूपमा खाद्य प्रणाली, जैविक विविधता तथा जलवायु उत्थानशीलतामा ध्यान केन्द्रित भइरहेका बेला पशुपालक महिलालाई नेतृत्वकर्ता र अधिकारधारीका रूपमा मान्यता दिनु दिगो अर्थतन्त्र र भू-दृश्य निर्माणका लागि अनिवार्य छ ।

इसिमोडका 'रेजिलियन्ट इकोनोमिज एन्ड ल्यान्डस्केप्स' प्रमुख सरला खालिङले यस प्रक्रियाका उपलब्धिहरूले समावेशी विकास र वातावरणीय दिगोपन एकअर्कासँग गहिरो रूपमा जोडिएको बताउनुभयो । "जब पशुपालक महिलाले नेतृत्व गर्छन्, तब दिगो अर्थतन्त्र र भू-दृश्यको निर्माण सम्भव हुन्छ," उहाँले भन्नुभयो ।

सम्मेलनले तय गरेका 'एजेन्डा'लाई संयुक्त राष्ट्रसङ्घलगायत अन्तरराष्ट्रिय मञ्चहरूमा प्रस्तुत गरिनेछ । साथै विभिन्न क्षेत्रका महिलाबीचको सहकार्यले नयाँ उपाय, वकालत रणनीति र भावनात्मक समर्थन आदानप्रदान गर्न सहयोग हुने अपेक्षा गरिएको छ ।

चरनभूमिले पृथ्वीको लगभग आधा भूभाग ओगटेको छ र पशुपालन संसारकै सबैभन्दा व्यापक भूमि उपयोग प्रणाली हो । विश्वका पशुपालक जनसङ्ख्याको करिब आधा हिस्सा महिला तथा किशोरीको रहेको छ ।

उनीहरूले पशुपालन, भूमि संरक्षण, खाद्य सुरक्षा तथा परम्परागत ज्ञान हस्तान्तरणमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । तर, उनीहरूले अझै पनि असुरक्षित भूमि अधिकार, आवागमनको सीमित अधिकार, कम राजनीतिक प्रतिनिधित्व तथा जलवायु परिवर्तनको असमान असर भोगिरहेका बारेमा समेत सम्मेलनमा छलफल भएको थियो ।रासस

# नेपाल चिकित्सकहरूको सम्मेलन सुरु

चितवन । नेपाल चिकित्सक सङ्घको आयोजनामा चितवनमा 'अल नेपाल मेडिकल कन्फ्रेन्स ' एनएमए कन २०२६' सुरु भएको छ । आइतबारसम्म सञ्चालन हुने सम्मेलन बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा सुरु भएको हो ।

सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीका अनुसार सम्मेलनमा नेपालसहित भारत र चीनका विशेषज्ञ चिकित्सकहरू, नर्स र स्वास्थ्यकर्मीहरू सहभागी हुनुभएको छ ।

यसैगरी, विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिहरू कार्यक्रममा सहभागी हुनुभएको छ । साथै स्वास्थ्य मन्त्रालय र बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका प्रतिनिधि सहभागी हुनुहुन्छ ।

सङ्घका चितवन जिल्ला सचिव डा महेन्द्र अग्रहरिका अनुसार प्यानल छलफल सुरु भएको छ । तीन वटा सभाकक्षमा छुट्टाछुट्टै छलफल भएको उहाँले जानकारी दिनुभयो ।

यसैगरी, कार्यपत्र प्रस्तुतीकरण र रोगका बारेमा अनुसन्धात्मक कार्यप्रगति प्रस्तुतीकरण भइरहेका छन् । कार्यपत्र ४० र कार्यप्रगति




३० वटा रहेका छन् । आज बिहानदेखि प्राविधिक सत्र सुरु भएको सम्मेलनको आइतबार बिहान औपचारिक उद्घाटन कार्यक्रम हुनेछ ।

कार्यक्रममा देशभरबाट ३५० जना सहभागी छन् । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बीमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको उहाँको भनाइ छ ।

हरेक दुई/दुई वर्षमा हुँदै आएको यो कार्यक्रम बाह्र वर्ष यता तीन/तीन वर्षमा गर्न थालिएको छ । यस वर्षको सम्मेलनको मूल नारा ' आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तनमार्फत प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण' भन्ने रहेको छ । नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल थालिएको छ ।

सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारहरूलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरू सुरु भएका छन् ।

कार्यक्रममा स्वास्थ्य सचिव डा विकास देवकोटालगायत सरकारी निकायका अधिकारीहरू पनि सहभागी हुनुहुन्छ ।रासस

# ट्राफिक कारबाहीमा छ लाख ४४ हजार राजस्व सङ्कलन

काठमाण्डु । बितेका २४ घण्टामा एक हजार ७७३ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु छ लाख ४४ हजार ५०२ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेका १००, नियमविपरीत 'राइड सेयरिङ' गरेका ११८, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३६ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका २३७ जनालाई कारबाही गरिएको हो । यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ८२, निषेधित क्षेत्रमा हर्न बजाउने ८९, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १२०, एकतर्फी सडकमा सवारी चलाउने ९१ र अन्य सवारी नियम पालना नगरेका ८०० जनालाई कारबाही गरिएको हो । रासस

# नीति तथा कार्यक्रम हस्तान्तरण




**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि तयार पारिएको वार्षिक नीति तथा कार्यक्रम मधेश प्रदेश सरकारले प्रदेश प्रमुखसमक्ष हस्तान्तरण गरेको छ ।

मुख्यमन्त्री, अर्थमन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा प्रदेश सरकारका सचिवले संयुक्त रूपमा शनिबार नीति तथा कार्यक्रम प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई हस्तान्तरण गरेका हुन् ।

प्रदेश सरकारका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रदेशको आर्थिक समृद्धि, कृषि आधुनिकीकरण, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सुशासनलाई प्राथमिकतामा राखेर तयार गरिएको छ ।

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि विकास निर्माणका योजनालाई गति दिने, लगानी आकर्षित गर्ने तथा नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिएको जनाएको छ । नीति तथा कार्यक्रम सार्वजनिक भएसँगै सोही आधारमा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढाइने बताइएको छ ।

# बजेटमा अधिकांश पुरानैको निरन्तरता





**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारले सार्वजनिक गरेको बजेटमा मधेश प्रदेशका लागि विगतझैं केही परम्परागत कार्यक्रमलाई निरन्तरता दिइएको छ भने केही योजनाले नयाँ आशा जगाएको उल्लेख छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब ३४ करोड बराबर घोषणा गरेको बजेटमा जसमा मधेश प्रदेशको राजधानी जनकपुरधामलाई विवाह गन्तव्यको रुपमा विकास गरेर अन्तर ाष्ट्रिय पर्यटनको केन्द्र बनाउने घोषणा गरिएको हो । हुन त यो यस अघिका कयौं सरकारले यस्ता घोषणा गरिसकेका छन् ।

जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गराउने प्रक्रिया अघि बढाउने विषय पनि अघिका सरकारले बजेटमा घोषणा गरिसकेको छ । ती बेलाको घोषणा कागज मै सिमित हुन गएको थियो । यसवर्ष कार्यान्वयनमा आउंछ भन्नेमा आशंका नै रहेको आंकलन गरिदैछ। रामजानकी पथ तथा रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि समेत बजेट छुट्याइएको छ ।

मधेशमा हुलाकी तथा द्रुतमार्ग यथाशीघ्र निर्माण, काठमाडौं द्रुतमार्ग जोड्ने रेलमार्ग विस्तारको काम, बर्दिबास-विराटनगर रेलमार्गका लागि बजेट, जनकपुर-जयनगर-बर्दिबास रेलमार्गको बाँकी काम सम्पन्न गर्न पनि आवश्यक बजेट विनियोजन गरेको छ। यो पनि पहिलो घोषणा होइन प्रत्येक वर्ष सरकारले केही न केही रकम विनियोजन गरिदै आएको छ। फरक यति मात्र छ कि रकम अलि यस पटक थपिएको हो ।

बजेट मधेश प्रदेशका लागि समग्रमा सकारात्मक रहेको अर्थशास्त्री इन्दु शेखर मिश्रको विश्लेषण छ। मधेशको दृष्टिकोणबाट फास्ट ट्र्याक सडकलाई यथाशीघ्र सम्पन्न गर्ने तथा हुलाकी सडक निर्माणलाई तीव्रता दिन चार अर्ब रुपैयाँ विनियोजन गर्नु सकारात्मक पक्ष भएको उनले बताए ।

मधेश प्रदेशमा प्रस्तावित ११ औं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै आवश्यक पूर्वाधार निर्माण, स्वास्थ्य क्षेत्रतर्फ मधेश प्रदेशस्थित नारायणी अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल तथा रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्वाधार विकास कार्य अघि बढाइने विषय बजेटमा समेटिएको छ। यी योजना पनि पुरानैको निरन्तरता हो ।

मधेश प्रदेशमै मिर्गौला रोग उपचार केन्द्र तथा ट्रमा सेन्टर निर्माण सुरु गर्ने पक्ष समेटेको छ, जुन यस नयाँ हो । सिरहा-सप्तरीमा आँप तथा सर्लाहीमा गोलभेडा प्रशोधन केन्द्र स्थापना गरिने विषयले पनि मधेशको पक्षबाट बजेट राम्रो रहेको अर्थशास्त्री मिश्रको भनाइ छ।

यसपटक बजेटमा समेटिएको ससर्त अनुदानको ठाउँमा समावेशी बजेटले मधेशलाई फाइदा पुग्ने उनको तर्क छ । 'सबैभन्दा राम्रो पक्ष भनेको पहिले ससर्त अनुदानको ठाउँमा यसपटक समावेशी बजेटलाई बढी प्राथमिकता दिइएको छ। समावेशी तरिकाले बजेट दिएपछि स्वतन्त्र रूपमा नीति तथा कार्यक्रम लागू गर्न सकिन्छ', अर्थशास्त्री मिश्र भन्छन् । स्थानीय सरकारका लागि सम्पूरक बजेटको व्यवस्था गरिनु पनि बजेटको सकरात्मक पक्ष रहेको उनको भनाइ छ।

बजेटमा अझ् समेटिनुपर्ने मधेशको विकास सूचकांक कमजोर रहेकाले विशेष अनुदान र विशेष आर्थिक प्याकेज आवश्यकता छ । ' मधेश सबैभन्दा बढी जनसंख्या भएको प्रदेश भए पनि विकास सूचकांकमा पछाडि छ', उनले भने, 'यसलाई प्रोत्साहन गर्न विशेष प्याकेज आवश्यक थियो, जुन बजेटमा पर्याप्त देखिएन।'

मधेश मामिलाका जानकार तथा मधेश प्रदेशका पूर्व नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साहको बुझाइमा मधेश गरिब प्रदेश भएकाले अपेक्षाअनुसार प्राथमिकता पाउन सकेको देखिदैन । 'मधेशको प्रतिव्यक्ति आय अन्य प्रदेशको तुलनामा न्यून छ। गरिब प्रदेश भएकाले त्यस आधारमा मधेशलाई जति प्राथमिकता दिनुपर्ने थियो, बजेटमा त्यति नदिइएको छैन उनको बुझाई छ।

यद्यपि विगतको तुलनामा सुशासन र समृद्धिका क्षेत्रमा केही सुधार हुन सक्ने उनको विश्वास छ । तर, प्रत्यक्ष रूपमा दीर्घकालीन प्रभाव पर्ने खालको बजेट मधेशले नपाएको उनको गुनासो छ। साहले भने 'मधेश प्रदेशलाई विशेष आर्थिक प्याकेज दिने आशा थियो । आर्थिक अवस्था जर्जर थियो, तर त्यो बजेटमा देखिएन।'

# एमाले मधेशको इन्चार्जमा पुनः श्रेष्ठ



**टुडे समाचारदाता**

लहान । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमाले मधेश प्रदेशको जिम्मेवारी पुनः स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठ नै पाएको छ । यही जेठ ८, ९ र १० गते बसेको केन्द्रीय सचिवालय बैठकले श्रेष्ठ लाई पुनः इन्चार्जको जिम्मेवारी दिएको हो ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा च्यासलमा बसेको सचिवालय बैठकले प्रदेशस्तरमा संगठनात्मक सुदृढीकरण र आगामी राजनीतिक कार्यदिशालाई थप प्रभावकारी बनाउन भन्दै श्रेष्ठलाई जिम्मेवारी दिइएको बताइएको छ ।

पुनः इन्चार्ज चयन भएपछि श्रेष्ठले पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्दै मधेश प्रदेशमा संगठन विस्तार, जनपरिचालन, सुशासन तथा विकास निर्माणका कार्यलाई अझ प्रभावकारी ढंगले अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

उनले पार्टीले दिएको विश्वासलाई परिणाममुखी कार्यसम्पादनमार्फत सार्थक बनाउने उल्लेख गर्दै मधेशको समृद्धि र जनताको हितलाई केन्द्रमा राखेर जिम्मेवारी निर्वाह गर्ने बताए ।

श्रेष्ठका अनुसार २०८२ सालको प्रतिनिधिसभा निर्वाचनको परिणामको समीक्षा गर्न एमालेले पार्टीका उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा सचिवालय सदस्य सहित १६ सद्स्य विशेष समिति गठन गरेको छ।

उक्त समितिमा आठवटै प्रदेशका इन्चार्ज सदस्यका रूपमा रहेका छन् । समितिले जिल्ला, पालिका र टोलस्तरसम्म पुगेर समीक्षा तथा विश्लेषणात्मक बैठक सञ्चालन गर्दै विगतको निर्वाचनको मूल्यांकन गर्ने र आगामी निर्वाचनका लागि थप प्रभावकारी रणनीति तय गर्नेछ ।

विद्यार्थी आन्दोलनबाट आफ्नो राजनीतिक यात्रा गोलबजार नगरपालिका-७, सिरहाका स्थायी बासिन्दा श्रेष्ठले सुरु गरेका हुन् । एमालेभित्र विभिन्न महत्वपूर्ण जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्दै आएका उनी हाल पार्टीको स्थायी कमिटी सदस्यका रूपमा सक्रिय छन् ।

उनी दुई पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भइसकेका छन् भने विभिन्न महत्वपूर्ण मन्त्रालयको नेतृत्वसमेत गरिसकेका छन् । श्रेष्ठको पुनर्नियुक्तिसँगै मधेश प्रदेशमा एमाले संगठन थप सुदृढ हुने, कार्यकर्ता परिचालन प्रभावकारी बन्ने तथा विकास निर्माणका अभियानले नयाँ गति लिने अपेक्षा गरिएको छ ।

# मधेशको आवश्यकतामा बजेटमा समेटिएन



**टुडे समाचारदाता**

जनकपुरधाम । तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा. विजय सिंहले आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारले प्रस्तुत गरेको बजेटमा मधेश प्रदेशका आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न नसकेको बताएका छन् ।

डा. सिंहले बजेट बारे सामाजिक सञ्जालमा क्षेत्रीय असन्तुलन न्यूनीकरण तथा मानवीय विकास सूचकांकका आधारमा स्रोत साधनको न्यायपूर्ण वितरण गर्ने कुनै प्रतिबद्धता नदेखिएको प्रतिक्रिया दिदैं असन्तुष्टि व्यक्त गरेका छन् ।

उनका अनुसार मधेशजस्तो पछाडि परेको क्षेत्रको विकासका लागि विशेष कार्यक्रम र लगानीको अपेक्षा गरिए पनि बजेट त्यस दिशामा केन्द्रित हुन सकेन । उनले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट प्रस्तुतिका क्रममा प्रयोग गरेको भाषा, शैली र केही नीतिगत अवधारणालाई सकारात्मक रूपमा लिँदै कृत्रिम बुद्धिमत्ता (एआई) लगायत प्रविधिमैत्री सोचको झल्को देखिएको बताए ।

यद्यपि, ती अवधारणालाई व्यवहारमा उतार्ने ठोस कार्यक्रम र बजेट विनियोजनको अभाव रहेको उनको भनाइ छ । मधेशमा बढ्दो बेरोजगारी, कमजोर स्वास्थ्य सेवा, शिक्षा तथा खानेपानी समस्याजस्ता आधारभूत विषयलाई बजेटले पर्याप्त प्राथमिकता नदिएको उनले आरोप लगाएका छन् ।

कृषि उत्पादन र सिंचाइ व्यवस्थामा आधारित अर्थतन्त्र रहेको मधेशका लागि कृषि क्षेत्रलाई विशेष महत्व दिनुपर्ने भए पनि बजेटमा त्यसको अभाव रहेको उनले बताए । उनका अनुसार सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनाको निरन्तरता स्वाभाविकभएपनि दशकौँदेखि चर्चामा रहेको सुनकोशी-कमला जलस्थानान्तरण आयोजनाबारे कुनै स्पष्ट योजना वा बजेट व्यवस्था नहुनु चिन्ताजनक विषय हो ।

वरिष्ठ नेता सिंहले जनकपुरधामलगायत धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्ने दिशामा पनि बजेट मौन रहेको टिप्पणी गरे । भारतीय तथा अन्य विदेशी पर्यटकलाई आकर्षित गर्न आवश्यक पूर्वाधार, यातायात सुविधा र पर्यटन प्याकेज निर्माण सम्बन्धी कुनै विशेष कार्यक्रम नआएको उनको गुनासो छ।

स्वास्थ्य र शिक्षाको अवस्था अझै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले यी क्षेत्रको सुधारका लागि पर्याप्त लगानी र परिणाममुखी कार्यक्रम आवश्यक रहेको बताए। समग्रमा बजेटले केही नयाँ सोच र अवधारणाको संकेत गरे पनि त्यसले मधेशवासीमा उत्साह र आशा जगाउने खालको स्पष्ट विकास दृष्टिकोण प्रस्तुत गर्न नसकेको डा. सिंहको निष्कर्ष छ।

सुन्दर शब्द र आकर्षक प्रस्तुति मात्र पर्याप्त हुँदैन, पछाडि परेका क्षेत्रका वास्तविक समस्या समाधान गर्ने ठोस योजना र लगानी आवश्यक हुन्छ, भन्ने उनको भनाई छ।

# साधु भेषमा लुक्दै फरार मेयर सिंह

**अनिल तिवारी**

वीरगञ्ज । किर्ते कागजात तथा नागरिकता प्रकरणसँग सम्बन्धित मुद्दामा पक्राउ पुर्जी जारीपछि फरार रहेका वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह साधु भेषमा भारतमा लुकेको तथ्य बाहिरिएको छ।

हुनत अदालत परिसरमा पुगेर पनि पक्राउ नपरी बाहिरिएको घटनाले पर्सा जिल्ला अदालत र प्रहरी प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ । कानुनी प्रक्रिया अनुसार पक्राउ पुर्जी जारी भएको व्यक्ति अदालतमा उपस्थित भएमा तत्काल नियन्त्रणमा लिएर आवश्यक न्यायिक प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था रहेको छ। तर सिंह अदालतमा हाजिर हुन गएपनि प्रहरीले नियन्त्रणमा लिएनन् ।

पर्सा जिल्ला अदालतले जेठ ८ गते राजेशमान सिंहसहित अन्य व्यक्तिविरुद्ध लिखत सम्बन्धी कसूर तथा किर्ते जालसाजी मुद्दामा पक्राउ पुर्जी जारी गरेको थियो। त्यसको केही दिनपछि, जेठ १३ गते बिहान सिंह आफ्ना कानुनी सल्लाहकार कमलमोहन पोखरेल तथा समर्थकहरूको समूहसहित पर्सा जिल्ला अदालत पुगेका थिए। अदालत परिसरभित्र उनी हिँडडुल गरिरहेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटनाले थप चर्चा पाएको हो ।

सामान्यतया पक्राउ पुर्जी जारी भएको व्यक्ति अदालतमा उपस्थित भएमा श्रेस्तेदारले निवेदन लिई प्रहरीको जिम्मा लगाउनुपर्ने र त्यसपछि गोला प्रथाबाट इजलास तोकी थुनछेक बहस गराउनुपर्ने कानुनी व्यवस्था छ। थुनछेक बहसपछि न्यायाधीशले थुनामा पठाउने वा तारिखमा छाड्ने निर्णय गर्ने अधिकार राख्छन्। तर सिंह अदालत पुगेको दिन यस्तो कुनै प्रक्रिया पूरा नभई उनी अदालतबाट बाहिरिन सफल भएको आरोप लगाइएको छ।

घटनापछि पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकको भूमिकामाथि प्रश्न उठेको छ । मल्लिकले सिंहसँग अदालतमा भेट भएको स्वीकार गर्दै आफूलाई उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको जानकारी नभएको दाबी गरेका छन्। पक्राउ पुर्जी जारी भएका व्यक्तिलाई नियन्त्रणमा लिने जिम्मेवारी प्रहरीको पनि हुने भन्दै उनले प्रहरीले किन नियन्त्रणमा लिएन भन्ने प्रश्न उठाएका छन् ।

यता जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदीपराज पाठकले भने अदालतमा उपस्थित भएर निस्किएपछि पनि सिंहलाई पक्राउ गर्न प्रहरी टोली परिचालन गरिएको बताएका छन् । पक्राउ पुर्जी जारी भइसकेको व्यक्तिले अदालत पुगेर पनि कानुनी प्रक्रिया पूरा नगरी बाहिरिनु कानुनी राज्यका लागि राम्रो संकेत नभएको उनको भनाइ छ।

अदालत परिसरमा सिंहको उपस्थितिलाई लिएर आलोचकहरूले त्यसलाई "कानुन र प्रशासनलाई चुनौती दिने प्रदर्शन" का रूपमा व्याख्या गरेका छन्। स्रोतहरूका अनुसार सिंहले आफू अनुसन्धानमा सहयोग गर्न तयार रहेको सन्देश दिन अदालत पुगेको देखाउन खोजेका थिए। तर पक्राउ पुर्जी जारी भइसकेको अवस्थामा पनि नियन्त्रणमा नलिइनुले अदालत प्रशासन र सुरक्षा निकायको कार्यशैलीमाथि प्रश्न खडा गरेको छ । स्थानीय स्तरमा श्रेस्तेदार प्रभाकर मल्लिक र मेयर सिंहबीच निकट सम्बन्ध रहेको चर्चा पनि चलिरहेको छ। प्रत्यक्षदर्शीहरूका अनुसार सिंह अदालत परिसरमा रहेको श्रेस्तेदारको कार्यकक्षमा प्रवेश गरी केही समय बसेका थिए। घटनाको वास्तविकता उजागर गर्न त्यस दिनको सिसिटिभी फुटेज सार्वजनिक गर्नुपर्ने मागसमेत उठ्न थालेको छ।



यस प्रकरणका जाहेरवाला लियाकत अलीले स्थानीय प्रहरी प्रशासनबाट अपेक्षित सहयोग नपाएपछि उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जबाट परमादेश लिनुपरेको बताएका छन् । अदालतको आदेशपछि मात्रै अनुसन्धान प्रक्रिया अघि बढेको उनको दाबी छ। उनले सरकारी वकिल कार्यालय तथा अनुसन्धान निकायको भूमिकामाथि समेत असन्तुष्टि जनाएका छन् ।

घटनाले राजनीतिक तथा सामाजिक वृत्तमा समेत तीव्र प्रतिक्रिया उत्पन्न गरेको छ । पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तले नेपाल प्रहरीका उच्च अधिकारीहरूसँग छलफल गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरेको बताएका छन् । पूर्वमेयर विजयकुमार सरावगीले पद र पहुँच भएका व्यक्तिका लागि छुट्टै कानुन लागू भइरहेको जस्तो सन्देश गएको टिप्पणी गरेका छन् ।

नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद सहाबुद्दिनले पनि गम्भीर फौजदारी अभियोग लागेका व्यक्तिलाई पक्राउ नगर्नु राज्य संयन्त्रकै कमजोरी भएको बताएका छन् । राजेशमान सिंहविरुद्धको विवादित प्रकरण झुट्टा विवरण तथा किर्ते कागजातका आधारमा नागरिकता दिलाइएको आरोपसँग जोडिएको छ।

# विवादको भूमरीमा रास्वपाको पालिका अधिवेशन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा विवादका कारण अधिकांश पालिकामा अधिवेशन हुन सकेको छैन । आगामी असार ७ गतेदेखि हुने पार्टी महाधिवेसनका लागि जेठ १७ गतेभित्र पालिका अधिवेशन सकिसक्नुपर्ने रास्वपाको कार्यतालिका छ।

मधेस प्रदेशकै दर्जनौं पालिकामा विवाद छ। विवादका कारण पार्टीले घोषणा गरेको कार्यतालिका अनुसार अधिवेशनमा ढिलाइ भइरहेको बताइएको छ।

गएको शनिबार रास्वपाको बारा जिल्ला अधिवेशनमा विवाद भयो । एकपक्षीय ढंगले जिल्ला कार्यसमिति गठन गर्न लागेको आरोप लगाउँदै एउटा समूहले विरोध गरेको थियो । विवादपछि झगडा हुन थालेपछि पार्टीका प्रतिनिधिसभा सदस्यहरूलाई प्रहरीको सहारा लिनुपर्‍यो ।

वैशाख २७ गते बारा जिल्ला कार्यसमिति केन्द्रीय समितिले विघटन गर्दै केहीलाई निष्कासित गरेका थिए । निष्कासित पक्षधरहरूले विरोध गरेको आरोप प्रतिनिधिसभा सदस्य रहबर अन्सारीले लगाउँदै आएका छन् ।

तर, अर्को पक्ष भने भुइँ तहमा काम गर्ने पार्टीका सक्रिय सदस्यहरूलाई 'बाइपास' गरेर अधिवेशन गर्न खोज्दा आपत्ति जनाएको स्पष्टीकरण दिँदै आएका छन् । रास्वपा केन्द्रीय कार्यसमितिले बारामा जिल्ला कार्यसमिति गठन नगरी वडा र पालिका अधिवेशन गर्न निर्देशन दिइसकेको छ।




महोत्तरीमा बिहीबार पालिका अधिवेशन हुँदै गर्दा विवाद भयो। जलेश्वर नगरपालिकामा आयोजित दुईजना आकांक्षी छन् । अजय साह र विनय राय दुवै जलेश्वर नगरपालिका सभापति पदका आकांक्षी हुन् । एक पक्षले सर्वसम्मत् सभापति चयन हुनुपर्ने अडान लिएको थियो भने अर्को पक्षले निर्वाचनबाट सभापति चयन हुनुपर्ने जिकिर गरेका थिए।

धनुषामा पनि विवादकै कारण १८ मध्ये चार पालिकामा मात्र अधिवेशन भएको छ । रास्वपा धनुषा सभापति लक्ष्मेश्वर यादवका अनुसार मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकामा मात्र अधिवेसन हुन सकेको छ।

धनुषाधाम नगरपालिकामा जेठ ९ गते नै अधिवेशनको मिति तोकिएको थियो । तर, विवाद हुँदा अधिवेशन हुन नसकेको सभापति यादवले बताए । उनका अनुसार शुक्रबार तदर्थ समिति बनाएर अधिवेशन हुन्छ। यहाँ पनि दुई समूह छन्। हाल पालिका संयोजक राजकुमार ठाकुर र अर्को जेनजी उमेरका युवा सभापतिका आकांक्षी छन् ।

रास्वपा मधेस प्रदेश आरएटी विभाग संयोजक अम्भुप्रसाद साहले पनि जिल्ला सभापतिले सबै पालिकामा एकलौटी गरिरहेको आरोप लगाएका छन् । सभापति यादवले अधिवेशनमा तानाशाही प्रवृत्ति देखाएको उनको गुनासो छ। सबै पक्ष र सक्रिय युवालाई बाइपास गरेको उनको भनाइ छ।

राजनीतिक विषयका जानकार प्राध्यापक रामु साहले राजनीतिको मुख्य उद्देश्य नै पद प्राप्ति भएको बुझेपछि विवाद हुने गरेको तर्क दिइरहेका छन्। रास्वपामा देखिएको विवाद शक्तिका लागि रहेको उनको टिप्पणी छ।

अवैध चोरी निकासी नियन्त्रण गरौं
- गैरकानूनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८